म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १७६ आइतबार २१ माघ २०८० ने. सं. ११४४ पोहेलागा 4 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बिवाह भोज खान गएका युवक मृत भेटिए

हेटौंडा, २० माघ/हेटौंडा उपमहानगरपालिका-१ नकौलीमा छिमेकीको विवाहको भोज खान गएका पुरुष शुक्रबार मृत भेटिएका छन् । छिमेकीको घरमा विवाहको भोज खान गएका स्थानीय ४० बर्षीय हीरालाल ब्लोन सामुदायिक वनको भिरमा मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीका अनुसार उनी विवाह भोज खान गएको दिनदेखि सम्पर्कविहिन थिए । खोजीकार्य गर्ने क्रममा ब्लोन घरदेखि करिब ५० मिटर पूर्वतर्फ जंगलमा मृत अवस्थामा फेला परेका हुन् । घटनाको प्रकृति हेर्दा भीरबाट लडेर मृत्यु भएको हुनसक्ने प्रहरीको अनुमान छ । घटनाको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मकवानपुरका ७९ वडा ग्रामीण वडाको सूचीमा

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/१ सय २ वटा वडा रहेको मकवानपुर जिल्लाका अधिकांश क्षेत्र ग्रामीण क्षेत्रको सूचीमा रहेको प्रतिवेदन सार्वजनिक भएको छ । सरकारले सहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या धेरै भएको र सहरीकरण बढेको देखाउनका लागि विकट ग्रामीण क्षेत्रलाई पनि नगरपालिका घोषणा गरेका कारण यस्तो देखिएको उल्लेख छ ।

मकवानपुरका १ सय २ वडामध्ये जम्मा १२ वटा वडा अर्थात ११.७६४ प्रतिशत मात्र सहरीकरण भएको तथ्यांक सार्वजनिक भएको छ । ११ वटा वडा अर्थात १०.७८४ प्रतिशत सहरोन्मुख र बाँकी ७९ वटा वडा अर्थात ७७.४५ प्रतिशत वडा ग्रामीण वडाको सूचीमा परेका छन् । नगरपालिकामा समाबेश भएका तर, ग्रामीण वडाको सूचीमा रहेका वडाबासीले सरकारलाई तिर्नुपर्ने कर बढी हुने तर, राज्यबाट पाउने सेवासुबिधा भने न्यून हुन्छ ।

मकवानपुर थाहा नगर पालिकाको दुईवटा वडा मात्र सहरी वडाको रुपमा सूचीकृत भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली, काठमाडौंले प्रकाशन गरेको नेपालमा




ग्रामीण तथा सहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदनमा थाहा नगर पालिकाको २ वटा वडा सहरी क्षेत्रमा वर्गीकृत भएको हो । तथ्यांक कार्यालयले प्रत्येक १०/१० वर्षमा विभिन्न सूचकको आधारमा पालिकाको वडालाई ग्रामीण र सहरी क्षेत्रमा वर्गीकरण गर्ने गरेको छ ।

सहरी क्षेत्रमा सूचिकृत हुनका लागि आवश्यक पूर्वाधारको पर्याप्तता हुनु जरुरी छ । तर, सरकारले भएभरका ग्रामीण क्षेत्रलाई नगरसँग गाभेर जवर्जस्ती नगर बनाउन खोजेको बताइएको छ । थाहा नगर पालिकाको १ र ६ नम्बर वडा सहरी क्षेत्रमा परेको छ । १२ वटा वडा रहेको थाहा नगरपालिकाको अरु १० वटा वडा ग्रामीण क्षेत्रमा सूचीकृत भएको प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय तथ्यांक कार्यालयले जनगणनाको क्रममा लिएको प्रतिव्यक्ति आय, आधारभूत विकासका पूर्वाधारहरुको पहुँच, सूचना तथा सञ्चारको पहुँच, शिक्षा, खानेपानी, सडकलगायतको पहुँचका आधारमा सहरीकरणको सूचीमा समावेश गर्ने गरेको छ ।

मकवानपुरमा ११ वटा वडा सहरोन्मुख वडामा सूचीकृत भैरहँदा थाहा नगरपालिकामा एउटा पनि वडा सहरोन्मुखको सूचीमा छैनन् । यद्यपि वि.सं. २०६८ को जनगणनामा ग्रामीण नगरपालिकाको रुपमा रहेको थाहा नगरपालिका क्रमश: सहरी पालिकातर्फ उन्मुख भएको भने तथ्यांकले देखाएको छ । थाहा नगरपालिकाको कुल ३८ हजार ८ सय ७० जनसंख्याको ८०.४१ प्रतिशत क्षेत्र ग्रामीण र १९.५९ प्रतिशत सहरी क्षेत्र अर्थात वडा नम्बर १ र ६ मा बसोबास गर्दछन् ।

यसैगरी ५ वटा वडा रहेको इन्द्रसरोवर गाउँपालिका पूर्ण ग्रामीण वडामा रहेको पालिकाको सूचीमा परेको छ । इन्द्रसरोवर गाउँपालिकाको वडा नम्बर १ मार्खु पर्यटकीय हबकै रुपमा परिचित भएपनि यो क्षेत्र समेत राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनमा ग्रामीण वडाको सूचीमा छ । त्यस्तै मनहरीको एउटा वडा सहरी र दुईवटा वडा सहरोन्मुख क्षेत्रको सूचीमा छ । कालोपत्रे सडक, नाली, विद्युतीय पहुँच, शिक्षा, स्वास्थ्य, संचार, खानेपानी, सिंचाई जस्ता विकासका न्यूनतम पूर्वाधार नभएका वडालाई ग्रामीण वडाको सूचीमा राखिएको हो ।

मनहरीको ७ नम्बर वडा सहरी, ३ र ८ नम्बर वडा सहरोन्मुख वडामा सूचीकृत छन् । बाँकी ६ वटा वडा ग्राणीम क्षेत्रको सूचीमा छ । यो तथ्यांक अनुसार मकवानपुरकै एकमात्र नगरपालिका थाहा सहरीकरणको सूचकमा मनहरी गाउँपालिका भन्दा पछाडि छ । मकवानपुरगढीको ४ नम्बर वडा सहरी वडाको सूचीमा छ भने बाँकी सबै वडा ग्रामीण वडाको रुपमा रहेको छ ।

मकवानपुरको इन्द्रसरोवर सहित राक्सिराङ, कैलाश, बागमती, बकैया र भीमफेदी गाउँपालिका शतप्रतिशत ग्रामीण वडा भएको पालिकाको सूचीमा छन् । यि ६ वटा पालिकामा ५४ वटा वडा रहेका छन् । हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १८ र १९ ग्रामीण वडाको सूचीमा छ । सहरोन्मुख वडाहरुमा १, ३, ६, १२, १३, १४, १५, १६ र १७ सूचीमा छ भने वडा नम्बर २, ४, ५, ७, ८, ९, १० र ११ सहरी वडाको सूचीमा रहेका छन् ।

# सहमति कार्यान्वयन नगरेको महासंघ अध्यक्ष सिंहको आरोप

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले आफूहरुसँग योजनाको म्याद थप गर्ने सहमति सरकारले अझै कार्यान्वयन नगरेको बताएका छन् । सरकारले दिएको आदेशलाई समेत कर्मचारीले पालना गर्न नसक्नु विडम्बापूर्ण भएको अध्यक्ष सिंहको भनाई थियो ।

निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारण सभालाई हेटौंडामा सम्बोधन गर्दै महासंघ अध्यक्ष सिंहले गत साउनमा आफूहरुले गरेको आन्दोलनको क्रममा सरकारले व्यवसायीको मागलाई सम्बोधन गर्ने आश्वासन दिएको र आश्वासन पूरा नगरेको दाबी गरे ।

आफैंले दिएको आदेशलाई कार्यान्वयन गर्ने सवालमा सरकार कमजोर देखिएको अध्यक्ष सिंहको भनाई थियो । उनले सार्वजनिक खरिद ऐन र नियमावली संशोधन गर्नुपर्ने बताए । अध्यक्ष सिंहले ऐन पूर्वाधारमैत्री र विकासमैत्री नभएको उल्लेख गरे । २०७७ सालमै संसदमा पेश भएको ऐनलाई अहिलेसम्म सरकारले संशोधन गर्न नसकेकोमा उनले असन्तुष्टि समेत व्यक्त गरे ।

अध्यक्ष सिंहले योजनालाई अलपत्र बनाउने काम राजनीतिक नेतृत्वबाटै भएको बताए । मुलुकको लागि नभई आफ्नो चुनावक्षेत्र अन्तर्गतका योजनाको मात्र नेतृत्व गर्ने होड चलिरहेको उनको भनाई थियो । निर्माण व्यवसायीप्रति जनतामा रहेको गलत भ्रमलाई चिर्ने गरी काम गर्नुपर्नेमा अध्यक्ष सिंहले जोड दिए । कार्यक्रममा प्रदेशसभा सदस्य एकालाल श्रेष्ठले निर्माण व्यवसायीबाट भएको कमजोरी हटाउनु पर्ने बताउँदै अस्वस्थ प्रतिस्पर्धाको अन्त्य हुनुपर्ने बताए ।

उनले बोलपत्रमा उल्लेख गरिएको रकम भन्दा धेरै बिलोमा ठेक्का पार्ने स्रोतको सुनिश्चितता छैन अनि काम अलपत्र छाड्ने प्रवृतिको अन्त्य गर्न जरुरी रहेको बताए । सेटिङमा ठेक्का पार्ने र साना निर्माण व्यवसायीका समस्यालाई वास्ता नगर्ने अझै भन्दा साना निर्माणको काम उपभोक्ता समितिबाट भइरहेको अवस्थामा निर्माण व्यवसायीलाई समस्या पुगेको बताए ।

कार्यक्रममा महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ईन्जिनियर आङदोर्जे लामाले निर्माण व्यवसाय कठिन पेशा भएको बताए । लाइसेन्स पाइएता पनि पेशालाई व्यवस्थित गर्ने चुनौती रहेको बताए । उनले धैर्यता र ईमान्दारिता समेत आवश्यक भएको भन्दै यस क्षेत्रमा क्षमता भएका र इमानदार ब्यवसायी मात्र टिकेको अवस्था रहेको लामाले बताए । हामी लोभले समस्यामा परेका हौँ, लो बिट एउटा समस्या रह्यो भने अर्को समयमा काम गर्ने वातावरण नबन्नु हो, लामाले भने ।

संघका अध्यक्ष बालगोपाल कंडेलको सभाध्यक्षतामा भएको सभामा नेपाल निर्माण व्यवसायी महासंघका महासचिव रोशन दाहाल, बागमती प्रदेश अध्यक्ष सुमीत श्रेष्ठ, संघका पूर्वअध्यक्ष आनन्दराम पराजुली, नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठ, कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, हेटौंडा उपमहानगरपालिका प्रवक्ता एवम् १ नं. वडाअध्यक्ष सविन न्यौपानेलगायतले भनाई राखेका थिए । सभामा विभिन्न विधामा निर्माण व्यवसायीलाई सम्मान समेत गरिएको थियो ।

## आगो ताप्दा जलेर महिला घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुरको छुट्टाछुट्टै स्थानमा भएको आगलागीमा ७ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ भने जलेर एकजना घाइते घाइते भएका छन् ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार थाहा नगरपालिका-६ ओखरगाउँमा स्थानीय केदार सिन्तानको कच्ची घरमा आगलागी हुँदा ६० हजार नगद सहित ७ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ । आगलागीबाट घर पूर्णरुपमा जलेर क्षति भएको र घर भित्र रहेको अन्नपात गरगहना, नगद तथा धनमाल नष्ट भएको प्रहरीले बताएको छ । मानबीय, चौपाया क्षेती नभएको प्रहरीले जनाएको छ ।

त्यस्तै, भीमफेदी गाउँपालिका-६ बुतारगाउँमा आगोले पोलेर एकजना घाइते भएकी छन् । घाइते हुनेमा स्थानीय ४५ बर्षीया पार्वती रम्तेल रहेकी छन् । आफ्नै घरमा आगो ताप्ने क्रममा साडीबाट शरीरमा आगो लाग्दा उनी घाइते भएको प्रहरीले जनाएको छ । उनको कीर्तिपुर अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## भानु माविको अध्यक्षमा चौलागाईं सर्वसम्मत

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुरगढी गाउँपालिका-३ मक्रान्चुलीमा रहेको भानु माध्यमिक विद्यालय ब्यवस्थापन समिति अध्यक्षमा खिलप्रसाद चौलागाईं चयन भएका छन् । विद्यालयका पूर्वशिक्षक तथा पूर्वव्यवस्थापन समितिका अध्यक्षसमेत रहेका चौलागाईं सर्वसम्मत रुपमा चुनिएका हुन् ।

यस्तै समितिको सदस्यहरुमा सन्तु थिङ, हेमकुमारी संजेल, लक्ष्मण भट्टराई, दिलिप लोप्चन र रुक्मणि ढुंगाना चुनिएका छन् । ९ सदस्यीय समितिको सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक रहने व्यवस्था छ ।

शिक्षकको तर्फबाट एकजना शिक्षक प्रतिनिधि र सम्बन्धित वडाका वडाअध्यक्ष वा प्रतिनिधि पनि समितिमा रहने छन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

"Education is the real treasure"




Celebrating Silver Jubilee

14 days to go

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# कपास खेतीको योजना खोई ?

कुनैबेला हेटौंडा औद्योगिक क्षेत्रमा संचालनमा रहेको हेटौंडा कपडा उद्योगमा कार्यरत मजदुर कर्मचारीले तलब पाएपछि हेटौंडा बजारको रौनक उम्दा हुने गरेको थियो । उद्योगले तलब बितरण गरेपछि हेटौंडा बजारमा आर्थिक चलायमानको अवस्था हुन्यो । कतिपय नागरिकको हातमा घडी नभएपनि हेटौंडा कपडा उद्योगको कामदार कर्मचारी परिवर्तन गर्ने साइरन नै नगरबासीको समय सूचक मानिन्थ्यो । बिहान ६ बजे, मध्यान्ह २ बजे र राति १० बजे एचआइडी भित्रको हेटौंडा कपडा उद्योगमा बजेको साइरन नै नगरवासीको समय सूचक मानिन्थ्यो । त्यही कपडा उद्योग अहिले सरकारी अभिलेखबाटै हटिसकेको छ । २०६५ सालमा पुष्पकमल दहाल 'प्रचण्ड' प्रधानन्त्री र डा. बाबुराम भट्टराई अर्थमन्त्री भएका बेला उद्योग सञ्चालनका लागि ८ करोडभन्दा बढी रकम विनियोजन गरियो । त्यो रकम बालुवामा पानी हाले सरह बन्यो । २०६९ मा उद्योगको सम्पूर्ण जायजेथा आईडीएममा आएपछि अस्तित्वमै नभएको हेटौंडा कपडा उद्योग चलाउने भनेर पटक-पटक सरकारका बजेटमा घोषणा भयो ।

पछिल्लो समय प्रधानमन्त्री प्रचण्डकै सक्रियतामा नेपाली सेनाले उद्योग सञ्चालनको अध्ययन गरेको छ । अहिले नेपाली सेनाले पटक-पटक कपडा उद्योगमा आएर अध्ययन गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । १२ माघ २०७९ को मन्त्रिपरिषद्ले हेटौंडा कपडा उद्योगको भवन तथा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (आइडीएम) लाई हस्तान्तरण गरी लिमिटेडमा सरकारको सेयर कायम गर्ने निर्णय गरिसकेको छ । हेटौंडा कपडा उद्योगले कामदार कर्मचारी ओसार्नका लागि संचालन गरेको बसको समयलाई ख्याल गरेर आफ्नो दैनिकी संचालन गर्ने नगरबासी पनि थिए । कपडा उद्योगमा जागिर खाने कामदार कर्मचारीको पोशाक पनि निकै आकर्षक मानिन्थ्यो । एउटै छानामुनी ६ सय भन्दा बढी महिलाले काम गर्ने नेपालकै सबैभन्दा ठूलो प्रतिष्ठान बनेको थियो हेटौंडा कपडा उद्योग । त्यही उद्योगको २ सय ५६ रोपनी जमिनको मूल्य २० करोड रुपैयाँ र भवन तथा भौतिक पूर्वाधारको मूल्य ८ करोड रुपैयाँ मूल्यांकन गरी सरकारले त्यो रकम बराबर सेयर औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेमा सरकारका नाममा कायम गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णयबाट खारेज गरिएको हेटौंडा कपडा उद्योगको विवरण कम्पनी रजिस्ट्रारको कार्यालय र उद्योग विभागबाट पनि हटाइएको छ । अब उद्योगको स्वामित्वमा कुनै जग्गा, भवन, मेसिनरी केही पनि बाँकी छैन । हेटौंडा कपडा उद्योगको आवासीय क्षेत्रका लागि छुट्याइएको २० बिगाहा क्षेत्रफल करिव एक दसक अघि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले २३ उद्योगीलाई भाडामा लगाइसकेको छ । २०७१ मा तत्कालीन उद्योगमन्त्री महेश बस्नेतले विस्तारित औद्योगिक क्षेत्रको शिलान्यास गरेका थिए ।

२० बिघा १२ कठ्ठा जग्गामा आईडीएमका तत्कालीन अध्यक्ष तथा महाप्रबन्धक नन्दकिशोर बस्नेतले औद्योगिक क्षेत्र विस्तार गरी भाडा आर्जन गर्ने बताएका थिए । तत्कालीन सरकारले हेटौंडा कपडा उद्योगलाई पटकपटक लिक्विडेसनमा लैजाने निर्णय गरेको थियो । उद्योगमा भएको मेसिनरी पुरानो भएका कारण काम लाग्दैन, यही अवस्थामा कपडा उत्पादन गर्दा बजारमा प्रतिष्पर्धा गर्न सम्भव छैन भनेर बिज्ञले पटकपटक सरकारलाई सुझाव दिएका थिए । तर, हरेक पटक बनेका सरकारले यो उद्योग चलाउने भनेर बजेट, नीति तथा कार्यक्रममा समावेश गर्न छोडेका छैनन् । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले हेटौंडामा एक कार्यक्रममा कपासखेती गर्नका लागि सुरुवात नगरेसम्म हेटौंडा कपडा उद्योग संचालन हुने सम्भावना नरहेको बताएका छन् । मुख्यमन्त्री जम्कट्टेलको तर्क मनाशिव छ । तीनदसक अघिसम्म बाँके, बर्दिया, कैलालीमा कपास विकास समितिले स्थानीय किसानलाई कपास खेती गर्न सहयोग गरेको थियो । समितिले किसानको कपास खरिद गरेर हेटौंडा कपडा उद्योगमा पठाउने गरेको थियो । तर, अहिले ति जिल्लाका किसानले कपास खेती गर्न छोडेको वर्षौं भयो । भारतीय बजारबाट कपास खरिद गरेर हेटौंडा कपडा उद्योग चलाउने सम्भावना पटक्कै छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ २२ गते सोमबार ५ फेब्रुअरी २०२४ । दशमी, माघ कृष्णपक्ष । पोहेलागा ११४४ ने.सं. । सूर्योदय ६:५१, सूर्यास्त ५:४६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धन हानी | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# विकासोन्मुख मुलुकमा स्तरोन्नति र चुनौती



✍ कृष्णबहादुर अधिकारी

२०८३ मंसिर ९ (२०२६ नोभेम्बर २४) मा नेपाल अति कम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुँदै छ । वर्षौंदेखि लागिरहेको 'गरिब' देशको बिल्ला हट्दै छ भन्ने सुन्न पाउँदा पनि गर्व लाग्दो रहेछ । सन् १९७१ मा न्यून आम्दानी र संरचनागत समस्या रहेका नेपालसहित २५ राष्ट्रको सहभागितामा अति कम विकसित राष्ट्रको समूह गठन भएकामा समयक्रममा यसको सदस्यसंख्या वृद्धि हुँदै १९९१ मा ५२ पुगेको थियो । प्रत्येक १० वर्षमा शिखर सम्मेलन हुँदै आएको छ ।

**विकासोन्मुख मुलुकमा स्तरोन्नति र चुनौती**

२०११ मा टर्कीको इस्तानबुलमा भएको चौथो सम्मेलनमा २०२० सम्म यसको संख्या आधा घटाउने लक्ष्य राखिए पनि यस अवधिमा चार देश मात्र स्तरोन्नति भएका छन् । २०२३ डिसेम्बर १३ मा भुटानको स्तरोन्नति भइसकेपछि पनि हालसम्म सात अतिकम विकसित राष्ट्रहरू विकासोन्मुख राष्ट्रमा स्तरोन्नति भएका छन् । पाँचौं शिखर सम्मेलन २०२३ मार्च ५-९ मा कतारको दोहामा सम्पन्न भएको थियो ।

**स्तरोन्नतिको प्रक्रिया**

अति कम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति हुनका लागि संयुक्त राष्ट्र संघ, आर्थिक तथा सामाजिक विभाग, विकास नीति समितिले विशेष गरी तीन विषयलाई मापदण्ड मानी नियमित मूल्यांकन गरि रहेको हुन्छ । स्तरोन्नतिका लागि प्रत्येक तीन वर्षमा मूल्यांकन गरिन्छ र लगातार दुइटा मूल्यांकनमा न्यूनतम दुई मापदण्ड हासिल गर्नु अनिवार्य हुन्छ । अथवा, प्रतिव्यक्ति कुल राष्ट्रिय आम्दानी तोकिएको न्यूनतम रकमभन्दा तेब्बर (पहिले दोब्बर रहेको) भएमा उक्त आधारमा मात्र पनि स्तरोन्नति हुन्छ । सन् २०२१ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आम्दानी मापदण्डअनुसार तीन वर्षको औसत १,२२२ अमेरिकी डलर आवश्यक थियो ।

मानव सम्पत्ति सूचकांक मापदण्ड अनुसार पौष्टिक आहार, शिक्षा र स्वास्थ्यको अवस्थाको मूल्यांकन गरिन्छ र नतिजा ६६ वा सोभन्दा माथि प्राप्त भएको हुनु पर्दछ । आर्थिक तथा वातावरणीय जोखिम सूचकांकअनुसार जनसंख्याको आकार, निर्यात व्यापारको अवस्था, कुल गार्हस्थ्य उत्पादनमा कृषिको अंश, प्राकृतिक विपत्तिको असर आदिलाई आधार मानिन्छ र यसको अधिकतम सीमा ३२ हो । २०२४ मा हुने त्रिवर्षीय बैठकको मूल्यांकनमा आम्दानीको न्यूनतम मापदण्ड औसत १,३०६ अमेरिकी डलर तोकिएको छ भने आम्दानी मापदण्डका आधारमा मात्र स्तरोन्नतिको लागि न्यूनतम ३,९१८ अमेरिकी डलर हुन आवश्यक छ । नेपालको आर्थिक सूचकांक सन्तोषजनक र मापदण्डबमोजिम नभएको भए पनि मानव सम्पत्ति सूचकांक र जलवायु परिवर्तनको असरका कारण नेपाल विश्वको दसौं जोखिमपूर्ण देशभित्र सूचित भए पनि आर्थिक तथा वातावरणीय जोखिम सूचकांकको प्रगति सन्तोषजनक छ ।

**स्तरोन्नतिका क्रममा रहेका देश**

संयुक्त राष्ट्र संघ, आर्थिक तथा सामाजिक परिषद्को २०२१ फेब्रुअरीमा भएको त्रिवर्षीय बैठकबाट २०२६ नोभेम्बर २४ मा एकै दिन नेपालसँगै बंगलादेश र लाओ गणतन्त्र पनि स्तरोन्नति हुने निर्णय भएको छ । तत्पश्चात् पनि विश्वमा अझै ४२ देश अति कम विकसित देशहरूको समूहमै बाँकी रहनेछन् । हाल १५ देश स्तरोन्नतिको प्रक्रियामा छन् । दोहा सम्मेलनले २०३० सम्म थप १५ देशको स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । यदि लक्ष्य पूरा भएमा २०३१ मा पुग्दा १५ देश मात्र यस समूहमा बाँकी रहनेछन् । हाल अति कम विकसित राष्ट्रको समूहले विश्वको जनसंख्याको १४ प्रतिशत, प्रत्यक्ष वैदेशिक लगानीको १.४० प्रतिशत, कुल गार्हस्थ्य उत्पादनको १.३० प्रतिशत र व्यापारको करिब १ प्रतिशत हिस्सा समेटेको छ । कार्बन उत्सर्जनमा ४ प्रतिशत प्रभाव रहेको भए पनि वातावरणीय प्रतिकूलताका कारण विश्वको ६९ प्रतिशत मृत्यु अति कम विकसित देशहरूमा मात्र हुने गरेका छन् ।

**नेपालको आर्थिक लक्ष्य**

तेह्रौं पञ्चवर्षीय योजनामा आर्थिक वर्ष २०७८/७९ सम्म विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य राखिएको थियो । पन्ध्रौं पञ्चवर्षीय योजनामा नेपालको लक्ष्य अति कम विकसित राष्ट्रबाट स्तरोन्नति हुने मात्र होइन, २०८६/८७ सम्म उच्च मध्यम आय स्तरीय र २०९९/२१०० मा उच्च आयस्तरको विकसित मुलुकमा पुग्ने राखिएको छ । प्रतिव्यक्ति कुल राष्ट्रिय आय क्रमशः २,९०० र १२,१०० अमेरिकी डलर पुऱ्याउने लक्ष्य छ । उच्च मध्यम र उच्च आयस्तरको विकसित मुलुकमा समावेश हुनका लागि हाल क्रमशः न्यूनतम ४,४६६ र १३,८४६ अमेरिकी डलर आवश्यक पर्दछ । निर्धारण गरिएको लक्ष्यको अंक र समूहमा सामञ्जस्य मिलेको देखिँदैन । अहिलेको जनसंख्या वृद्धिदर र अमेरिकी डलरको विनिमय दरलाई स्थिर राखेर अनुमान गर्दा २०८७ सम्म दुई गुणाभन्दा बढी र २१०० सम्म करिब १० गुणा आर्थिक वृद्धि हुन आवश्यक छ । मानव सम्पत्ति र आर्थिक तथा वातावरणीय जोखिम सूचकांकको स्थितिमा भने नेपाल समृद्ध छ ।

सन् १९६० सम्म चीन, भारत र नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १०० अमेरिकी डलरभन्दा कम थियो, जुन २०२२ सम्म चीन र भारतको क्रमशः अमेरिकी डलर १२,७२० र २,३८९ अमेरिकी डलर पुगेको छ भने नेपालको १,३३७ अमेरिकी डलर मात्र छ । दक्षिण कोरिया, जापान, मलेसिया, सिंगापुरको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १९६० मा क्रमशः १५८, ४७५, २४५ र ४२८ अमेरिकी डलर थियो भने २०२२ मा क्रमशः ३२,२५५, ३३,८१५, ११,९७२ र ८२,८०८ अमेरिकी डलर पुगेको छ । विश्वको तेस्रो ठूलो अर्थतन्त्र जापानको २०१० मा ४४,९६८ अमेरिकी डलर पुगेकामा त्यसपश्चात्को दशकमा जापानमा आएको आर्थिक शिथिलताका कारण ऋणात्मक वृद्धि भई पहिलेको भन्दा खुम्चिन पुगेको छ । यसर्थ प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन प्रत्येक नयाँ वर्षमा प्रवेश गर्दैगर्दा बढ्ने मात्र भन्ने हुँदैन ।

आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा नेपालको प्रतिव्यक्ति राष्ट्रिय आय १,४५६ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिइएकामा १,४१० अमेरिकी डलर (संयुक्त राष्ट्र संघको गणना विधिअनुसार केही फरक पर्न सक्ने) मात्र पुगेको छ । सात वर्षमा दुई गुणाको वृद्धि अहिलेको गतिमा आफैंमा महत्त्वाकांक्षी मात्र नभएर असम्भवजस्तो देखिए पनि असम्भव बिल्कुल होइन । यसका लागि प्रत्येक वर्ष न्यूनतम दुई अंकको आर्थिक वृद्धि भने अनिवार्य हुन्छ । १९९० देखि १९९५ भित्र पाँच वर्षको अवधिमा दक्षिण कोरिया, सिंगापुर र जापानले क्रमशः ५,९५५, १३,०५३ र १८,८२७ अमेरिकी डलर कुल गार्हस्थ्य उत्पादनको वृद्धि गरी आफ्नो अर्थतन्त्रलाई पाँचै वर्षमा दोब्बर बनाएका थिए ।

नेपालमा कार्य संस्कृति क्षयीकरण हुँदै गएको प्रस्ट छ । परिश्रमबिना धनी हुने प्रवृत्ति हाबी छ, जुन दिगो हुँदैन । काम गर्न उत्प्रेरित हुने वातावरण बनाउन सकिएको छैन । उत्प्रेरितहरूलाई पनि विभिन्न कठिनाइको सामना गर्दैगर्दा व्यर्थमा समय खर्च भइरहेको हुन्छ । हाम्रो जस्तै कार्य संस्कृति भएको भए माथि उल्लिखित देशहरूमा आर्थिक छलाङ सम्भव थियो र ?

हामी नेपाली कुनै पनि काम वा पेसालाई जीविकोपार्जनका लागि मात्र लिने गर्दछौं । अझ भनौं, कामै नगर्ने दलाली प्रवृत्ति पनि विकसित भइरहेको छ । यहाँ त बरु काम गर्न खोज्नेलाई पनि निरुत्साहित गर्न खोजिएका दृष्टान्तहरू प्रशस्त भेटिन्छन् । आर्थिक समृद्धिका लागि कठोर प्रतिबद्धता चाहिन्छ, त्याग चाहिन्छ, मिहिनेत चाहिन्छ । जसरी अधिकार खोजिन्छ, त्यसरी नै कर्तव्य निर्वाह गर्न सकेमा आर्थिक उन्नति सम्भव छ । समृद्धि त केवल निरन्तरको मिहिनेत र प्रगतिमा मात्र हासिल गर्न सकिन्छ ।

**चुनौती**

स्तरोन्नतिपश्चात् अति कम विकसित देशहरूलाई बनाइएको कोष तथा संयुक्त राष्ट्र संघबाट प्राप्त हुने अनुदान तथा सहुलियतपूर्ण कर्जाको सुविधाबाट वञ्चित हुनुपर्नेछ । प्राथमिकताहरूको सामान्यीकृत प्रणालीमार्फत हाल विभिन्न देशले दिँदै आइरहेको बजारको सहज पहुँच, भन्सार शुल्क तथा परिमाणात्मक बन्देजमा छुट सुविधा पाइने छैन । निकासी गर्ने वस्तुको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउँछ । एक अध्ययन अनुसार, स्तरोन्नतिपश्चात नेपालको निर्यात लगभग ४ प्रतिशतले घट्न सक्ने अनुमान गरिएको छ । वर्तमानमा नेपालको उत्पादन क्षमताको कमीले निर्यातको अवस्था कमजोर भएकाले त्यति धेरै असर नपरे पनि भविष्यमा क्षमताको वृद्धि भई परिमाण बढाउन सकेमा प्राप्त हुन सक्ने फाइदाबाट वञ्चित हुनुपर्नेछ ।

**अवसर**

लामो समयसम्म पनि अति कम विकसित समूहमा दर्ज भइरहनुलाई देशको असफलता र अकर्मण्यताका रूपमा हेर्न सकिन्छ । कुनै देश १० वर्षभित्रै आर्थिक उन्नतिको शिखरमा पुग्छन् भने हामी युगौंसम्म गरिबीको दलदलबाट निस्कन सकिरहेका छैनौं । अरूको दया र निगाहमा रहने प्रवृत्तिबाट माथि उठेर प्रतिस्पर्धी क्षमताको वृद्धि गरी यसलाई दलदलबाट निस्कने मनोबल बढाउने अवसरका रूपमा प्रयोग गर्नुपर्दछ । हालसम्म लागिरहेको पछौटेपनाको स्तरबाट स्तरोन्नति पश्चात् माथि उठ्न गई समृद्धिको पथमा अग्रसर हुने विश्वास जागृत हुनेछ । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालप्रति सकारात्मक वातावरण बन्न गई विश्वसनियतामा वृद्धि हुनेछ । सोबाट वैदेशिक लगानी वृद्धि र ऋणप्राप्तिमा समेत सहज हुने वातावरण बन्नेछ ।

**दिगो स्तरोन्नति र विकसित समूहमा प्रवेशको उपाय**

स्तरोन्नतिपश्चात् पनि मापदण्डहरूमा ह्रास आएमा स्तरोन्नति प्रक्रिया नै स्थगन हुन वा सर्न सक्छ भन्ने एंगोला र सोलोमन आइल्यान्डको उदाहरणबाट प्रस्ट छ । नेपालका सन्दर्भमा भने आर्थिक मापदण्ड अपुग भए पनि सन् २०१५ देखि नियमित तीनवटा त्रिवर्षीय मूल्यांकनमा दुइटा मापदण्ड पर्याप्त रहेका छन् । आर्थिक मापदण्डलाई यथेष्ट बनाई धेरै अगाडि बढ्नु आजको चुनौती हो ।

स्तरोन्नतिका लागि नेपालले पाएको तयारी अवधि करिब तीन वर्ष बाँकी रहेकामा स्तरोन्नतिपश्चात् अर्थतन्त्रका आन्तरिक तथा बाह्य क्षेत्रमा पर्ने प्रभावको न्यूनीकरणका लागि गरिएको तयारीका प्रयासहरूको समीक्षा गर्न ढिला भइसकेको देखिन्छ । हुन त स्तरोन्नतिपछि पनि व्यापारिक सहजताका लागि दिइने थप तीनवर्षे सुविधालाई केही समय बढाउन अनुरोध गर्न पनि सकिन्छ ।

स्तरोन्नतिपश्चात् निकासी गर्ने वस्तुको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने भएकाले निकासीको उत्पादन तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी क्षतिलाई न्यूनीकरण गर्न निकासी वस्तुको विविधीकरण गर्नुपर्छ । भारत, चीन र बंगलादेशसँग भएको द्विपक्षीय व्यापार सम्झौतालाई समय सान्दर्भिक बनाउनुका साथै अमेरिका, जर्मनी, संयुक्त अधिराज्य बेलायत, यूएई, टर्कीजस्ता व्यापारिक साझेदार देशहरूसँग र अन्य बहुपक्षीय सम्झौतामार्फत व्यापार संरक्षणका उपायहरू खोज्नुपर्दछ ।

निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता, उत्पादनका साधनको दक्षता र उत्पादकत्व अभिवृद्धिमा केन्द्रित हुनुपर्नेछ । घरेलु तथा साना उद्योगमा केन्द्रित हुँदै उत्पादन क्षमता बढाउने, निकासी क्षमता वृद्धिका लागि वैदेशिक लगानी आकर्षित गर्ने, यसका लागि आवश्यक पर्ने पूर्वाधारहरू (जस्तै– देशको क्रेडिट रेटिङ, हेजिङ सुविधा, नियम-कानुनहरूमा परिमार्जन) अनुकूल बनाउनेपट्टि लाग्नुपर्दछ ।

२०२३ अप्रिल ५ देखि तीन वर्षका लागि नेपालले अति कम विकसित राष्ट्रको अध्यक्षको जिम्मेवारी ग्रहण गरेकाले यस समूहमा रहेका राष्ट्रहरूको हितलाई समेत ख्याल राख्नुपर्नेछ । साथै विश्व व्यापार संगठनको व्यापार तथा विकास समितिको अध्यक्षतामा एक वर्षका लागि नेपाल निर्वाचित भएकाले स्तरोन्नतिका क्रममा र सोपश्चात् पनि अति कम विकसित देशहरूको सहजीकरणका लागि उपयुक्त अवसर हुनेछ ।

नेपाल उच्च आय भएका विकसित देशहरूको समूहभित्र समावेश हुन गाह्रो भए पनि जलविद्युत् र पर्यटनको प्रचूर सम्भावनाका कारण असम्भव भने होइन । नेपालमा हाल निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूलाई पाँच वर्षभित्र सम्पन्न गर्न सके मात्र पनि आर्थिक उन्नतिको अभियान तीव्र हुनेछ । यसका लागि अन्य कार्यक्रम स्थगित गर्नुपरेमा पनि तयार हुनुपर्छ । आवश्यक पूर्वाधार तयार गरी करिब २८५ करोड जनसंख्या रहेका दुई छिमेकी देशबाट वार्षिक २ करोड जनसंख्यालाई नियमित रूपमा १० वर्षसम्म पर्यटकका रूपमा भित्र्याउन सकेमा उच्च आयस्तरीय विकसित मुलुकमा नेपाल रूपान्तरित हुन सक्नेछ । यसका लागि वि.सं २१०० को प्रतीक्षा गरिरहनै पर्दैन । *(साभार: ई-कान्तिपुर)*

# युवा राजनीतिको अबको बाटो

✍ कृष्णहरि केसी

पौष २० गते नेकपा (एमाले)ले काठमाडौंमा युवा महोत्सव आयोजना गरेको छ । यो आम युवाका लागि बहुत सुखद पक्ष हो । युवाहरूका समस्या र समाधानका उपाय पनि यस्ता महोत्सवबाट पत्ता लगाउन सहयोग पुग्ने छ । युवा राजनीतिको कोशेढुंगा बन्ने अपेक्षाका साथ यो महोत्सवले उठान गर्नुपर्ने विषयलाई मध्यनजर गरेर या आलेख तयार गरेको छु ।

युवाहरूका विषयमा विभिन्न पक्षबाट बहुआयामिक भाष्यहरू निर्माण गरिएका हुन्छन् । बालक, वयस्क र वृद्धहरूका आँखाबाट युवाहरूलाई फरक फरक देख्न सकिन्छ । युवा भएकै छैनबाट र युवा उमेर पार गरेकाबाट आएका निष्कर्षको सँगालो नै युवा हो भन्दा अतिशयोक्ति हुनेछैन ।

युवा जीवनको सबैभन्दा उर्वर समय हो । युवा शारीरिक रूपमा स्फूर्ति र जोस अनि मानसिक रूपमा सपनाले बेरिएको हुन्छ । युवा यथास्थितिमा रमाउँदैन । परिवर्तन, गतिशीलता र लगनशीलता युवाको पर्यायवाची हो । त्यसैले युवा क्रान्तिका जननी र समृद्धिका संवाहक हुन् । युवा के गरिरहेका छन् ? युवाको लक्ष्य कस्तो भइरहेको छ ? भन्ने कुराले त्यो देश कस्तो रहेछ भन्ने कुराको निर्क्योल निकाल्न सकिन्छ । त्यसैगरी उसको व्यक्तिगत जीवनलाई भविष्यमा कस्तो रूपमा उभ्याउने भन्ने विषयको परिचायक पनि युवा उमेर नै हो ।

युवाको विषयमा घोत्लिँदै गर्दा कुन देशको युवा भनेर पनि सोच्नु पर्ने हुन्छ । यति नै बेर अमेरिकाको युवाले के सोचिरहेको छ ?, उसले कस्तो उद्यमशीलताको बारेमा सोच्दो हो ? चीन, जापान या मलेसियाको युवाले उसकै जीवनको भविष्य कसरी कल्पना गर्दो हो र हामीजस्ता पिछडिएको देशका युवाले आफ्नै भविष्यको बारेमा, सफल जीवनको बारेको सोचाइमा कतिको तादात्म्य मिल्छ होला त ? काठमाडौंका युवा र डोल्पाको युवा बिचमा पनि हामीले फरकपना भेट्दछौं ।

समाजको सबै पक्षमा प्रभाव पार्ने पक्ष भनेको राजनीति हो । कसैले राजनीति गर्दिन र गर्न हुँदैन भन्छ भने पनि उसले पनि राजनीति नै गरिरहेको हुन्छ । राजनीति नीतिहरूको नेता नीति हो । राजनीति ठिक हुँदा हरेक पक्षले सही गति लिइरहेको हुन्छ भने जब राजनीति बिग्रन्छ सबै पक्ष भद्रगोल अवस्थामा रहन पुग्दछ । राजनीतिलाई कतिपयले फोहोरी खेल भनेर नकारात्मक भाष्य बनाइरहेको वर्तमान सन्दर्भमा यो फोहोरलाई सफा गर्न पनि युवाले सचेतना पूर्वक राजनीति नै गर्नुपर्ने हुन्छ ।

राजनीति भनेको राज्यसत्तामा सञ्चालन गर्ने नीति हो । राजनीति गर्नु भनेको राज्यसत्ता सञ्चालन गर्नु वा सो तर्फ उद्धत हुनुलाई नै बुझिन्छ । त्यसैले कस्तो नीति भएको दल, कस्तो आचरण भएको नेता, कस्तो कार्यशैली भएको पार्टीले राज्य सञ्चालन गरेको छ भन्ने कुराले सो देशको भविष्य निर्धारण गर्दछ । यसर्थ पार्टीमा लाग्नु, राजनीति गर्नु भनेको पनि राष्ट्र निर्माणको महत्त्वपूर्ण पाटोसँग जोडिएको विषय हो । त्यसैले राजनीतिबाट युवा अलग रहन सक्दैन ।

**नेपाली युवाको वर्तमान अवस्था**

नेपाली समाज राजनीतिक आन्दोलनको माध्यमबाट हक अधिकारहरू स्थापित भई सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनका काम पुरा गर्न बाँकी रहेको अवस्थामा छ । जनसंख्याको एकतिहाई ओगट्ने युवा समुदायको ठुलो पङ्क्ति आर्थिक रूपमा निष्क्रिय छन् । आयमूलक क्रियाकलापमा भन्दा घरायसी क्रियाकलापमा संलग्न संख्या धेरै देखिन्छ । दिनप्रतिदिन युवाहरू बेरोजगारी बढ्दो छ । ४० लाख नेपालीहरू विश्वका विभिन्न मुलुकहरूमा रहेको अनुमान छ । जनसंख्याको ४२.५६ प्रतिशत संख्यामा रहेका युवा पलायन हुनबाट रोक्नु अहिलेको सबैभन्दा जटिल चुनौती रहेको छ ।

युवा श्रमशक्ति विदेश पलायनले, गाउँवस्तीहरु खाली हुँदै जाँदा निर्वाहमुखी खेतीमा आश्रित जनसंख्या समेत बजारमाथि निर्भर हुँदै गएको छ । यसले खाद्यान्नमा समेत परनिर्भरता बढाएको छ । कृषिको वृद्धिदर सन्तोषजनक छैन । कृषिको व्यवसायीकरण हुन नसक्नु, औद्योगिक अर्थतन्त्र साँघुरिँदै जानु विदेशी लगानी अपेक्षित मात्रामा भित्रिन नसक्नु र मुलुकमा राजनीतिक अस्थिरता लम्बिँदै जानुले रोजगारीका अवसर सीमित हुँदै गइरहेका छन् ।

२ वर्ष पहिले कोरोना भाइरस (कोभिड १९) को महामारी र वर्तमान रुस युक्रेन युद्धका कारण विश्वका प्राय सबै राष्ट्रहरूमा असर परेका छन् । नेपाली श्रमिकहरूको प्रमुख गन्तव्य मुलुकहरू- मलेसिया, साउदी, कतार, कुवेत, यु.ए.ई., बहराइन, ओमान, जोर्डन, दक्षिण कोरिया, जापान, अमेरिका, अस्ट्रेलिया, यु.के., क्यानडा, जर्मनी आदि जस्ता मुलुकहरूमा समेत असर गरिरहेको छ । गुगल, ट्विटर लगायतका सामाजिक सञ्जाल सञ्चालक कम्पनीले भर्खरै मात्र पनि व्यापक रूपमा रोजगारीको कटौती गरेको छ । वर्ल्ड इकोनोमिक फोरमले गरेको अध्ययनअनुसार विश्वमा २ सय मिलियन युवा बेरोजगार छन् । प्रतिवेदनको अनुसार २०२४ मा ५०० मिलियन नयाँ रोजगारीको सिर्जना गर्नुपर्ने प्रक्षेपण पनि छ । युवा शक्ति श्रम शक्तिका रूपमा तयार छ र कामको तीव्र खोजीमा छ ।

यसमा चाखलाग्दो विषय रोजगार दाताले आफूलाई चाहिने योग्य वा दक्ष श्रमिक पाइरहेका छैनन् र श्रमिकले दक्षताअनुसारको श्रमको अवसर पाइरहेका छैनन् । यो अवस्थामा युवाहरू ओइरो विनाको जाँतोजस्तो भएका छन् । ओइरो विना जाँतो घुमिरह्यो भने जाँतोले पिस्ने क्षमता नै नष्ट गर्दछ । त्यसैगरी युवाहरूले बिजनेस पाएनन् भने श्रम गर्ने युवाहरूको अर्ग्यानिक चरित्र गुम्न सक्ने खतरा उत्पन्न भइरहेको छ । युवाको अर्ग्यानिक चरित्र भनेको उत्पादनसँग गाँसिनु हो, उत्पादनका साधनको निरन्तर विकास गरिरहनु हो । तर युवा श्रमसँग नजोडिँदा अपराध, कुलत र डिप्रेसनतिर गइरहेको देखिन्छ ।

यसरी हेर्दा वर्तमान नेपाली युवाहरूको समस्यालाई यसरी सुत्रिकृत गर्न सकिन्छ । बेरोजगारी, सीप सहितको शिक्षाको अभाव, उद्यमशीलताको अभाव, गरिबी, पोषण र स्वास्थ्य, सामाजिक बन्धन एवं रुढीग्रस्त चिन्तन, कुलत, सामाजिक सुरक्षा र विदेश पलायन ।

**युवा राजनीतिको अबको बाटो**

***सीप सहितको शिक्षा, रोजगारी र उद्यमशीलताको वातावरण***

हाम्रो शिक्षा उद्यमशीलताको क्षेत्रमा धन कमाउन योग्य बन्ने, विज्ञानको क्षेत्रमा नयाँ नयाँ खोज अनुसन्धान र अन्वेषण गर्ने, प्रविधिको क्षेत्रमा नयाँ नयाँ प्रविधिको निर्माण गर्ने, सामाजिक क्षेत्रमा निष्ठावान् असल व्यक्ति बन्ने, यसले व्यक्तिलाई स्वावलम्बी बनाउँछ । राष्ट्रप्रति समर्पित हुन सिकाउँछ । श्रमको सम्मान गर्न सिकाउँछ । आफ्नो खुट्टामा उभिन सिकाउँछ । तर अहिले हाम्रा बच्चाहरू कक्षा ८ पास गरेपछि हलो छोड्छ, कक्षा १० पास भएपछि घर छोड्छ । कक्षा १२ पास भएपछि देश छोड्छ । हो अव यसलाई बदल्ने शिक्षा आजको आवश्यकता हो ।

दैनिक ४/५ लाख युवाहरू श्रम नदेखेर, काम नबुझेर, काम नपाएर, सिप नभएर क्यारेमबोर्ड खेलेर दिन कटाइरहेका छन् । दिनभरि बाबुआमाले कामदार नपाउने, सोही दिन छोराछोरीले काम नपाउने अररो अवस्था सिर्जना भएको छ । यसैले हाम्रो शिक्षा नीति बदल्ने कुरा युवा राजनीतिको मूल कार्यभार बन्न गएको छ ।

*क्रमशः पृष्ठ-३...*

# धीरज मगर : डेब्यु सुखद्, त्यसपछि सकस



काठमाडौं/एउटा कहावत् छ, 'फिल्ममा छिर्नभन्दा टिक्न बढी मुश्किल हुन्छ ।' एक त प्रतिस्पर्धाको क्षेत्र, लगभग हरेक नयाँ फिल्मबाट विकल्प जन्मिरहेका छन् । त्यो भीडमा आफूलाई अब्बल सावित गर्नु अनिवार्य सर्त हो । त्यसमाथि फिल्मको व्यावसायिक पाटोले ठूलो अर्थ राख्छ । यी सबै कुराको तारतम्यता मिल्दा मात्र एउटा कलाकारको करिअर सन्तुलित बन्छ । जुन कमैको हकमा यो सम्भव हुन्छ ।

अक्सर फिल्मको असफलताले कलाकारको करिअर संकटमा पुग्ने गरेको देखिन्छ । पहिलो फिल्म 'इन्टु मिन्टू लण्डनमा'बाट सुखद् डेब्युको अनुभव लिएका धीरज मगरलाई पनि अहिले फिल्मको असफलता भारी परिरहेको छ । डेब्यु फिल्मबाटै नयाँ 'स्टार', अझ भनौं अनमोल केसी र प्रदीप खड्काको प्रतिस्पर्धीको रुपमा हेरिएका उनले 'फ्लप'मा 'ह्याट्रिक' गरेसँगै करिअर नै धरमराएको छ ।

पहिलो फिल्मपछि उनले कमब्याकमै लामो समय लगाए । ४ वर्षपछि धीरजको दोस्रो फिल्म 'बाबरी' गत वर्ष रिलिज भएको थियो । यद्यपि, कामको हिसाबले उनको यो तेस्रो फिल्म हो । उनले दोस्रो फिल्मको रुपमा काम गरेको 'ज्याकी : आई एम ट्वान्टीवान' भने यस वर्ष प्रदर्शनमा आयो । तर, दुवै फिल्मले हलमा घुँडा टेके । यी दुईवटा फिल्मको असफलता उनका लागि अकल्पनीय थियो ।

गत भदौमा धीरजको चौंथो फिल्म 'एक भागवत् र एक गीता' पनि प्रदर्शनमा आएको थियो । यसले उनलाई 'फ्लप'मा 'ह्याट्रिक' मात्र गराएन, उनको करिअरकै विर्सनलायक फिल्मको रुपमा चित्रित गरियो । फिल्ममा उनी 'शोपिस' मात्र थिए । ४ वर्षपछि लगालग प्रदर्शन भएका तीन फिल्मको असफलताले उनको करिअरलाई ठूलो धक्का पुगेको छ । कतिपयले 'फ्लप हिरो' भन्न थालेका छन् ।

नेपाली फिल्ममा चक्लेटी हिरोको अभाव भएकाले धीरजलाई फिल्मको भने अभाव छैन । फिल्म 'पञ्चामृत' साइन गरेर बसेका उनी यतिबेला नयाँ फिल्म 'खुस्मा'को छायांकनमा छन् । उनले अर्को एउटा फिल्ममा पनि काम गर्ने वचन दिइसकेको जानकारीमा छ । यसरी हेर्दा उनको मागमा कमी आएको देखिन्न । तर, अब धीरजको करिअरलाई फिल्मको असफलता थेग्न भने गाह्रो पर्न सक्छ ।

# 'सतीदेवी'पछि अब 'पार्वती' बनाउँदै लक्ष्मण






काठमाडौं/भगवान् शिवकी पहिलो पत्नी सतीदेवीको नाममा फिल्म बनाइसकेका निर्देशक लक्ष्मण सुवेदीले अब शिवकी दोस्रो पत्नी पार्वतीको नाममा पनि फिल्म बनाउने भएका छन् । शुक्रबार आफ्नो जन्मदिनको अवसरमा उनले चलचित्र विकास बोर्डबाट निर्माण इजाजत लिएपछि थिम पोस्टरमार्फत् फिल्म निर्माणको घोषणा गरेका हुन् । फिल्मलाई अर्को वर्षको शिवरात्रीमा प्रदर्शन गरिने भएको छ ।

निर्देशक सुवेदीको लेखन, निर्माण तथा गीत रचना रहने फिल्ममा बाबु-छोरीको सम्बन्धको कथा उठाइने जनाइएको छ । 'फिल्मले मनोरञ्जन दिनुका साथै नेपाली समाजलाई झकझकाउने र सोच्न बाध्य बनाउनेछ । सामाजिक प्रेमकथालाई पनि फिल्ममा प्रस्तुत गर्नेछौं,' निर्देशक सुवेदीले भने । आगामी वर्षको जेठबाट छायांकनको तयारी गरिएको फिल्ममा श्रीदेवी सुवेदीको निर्माण रहनेछ ।

दिलासा र सारा सुवेदीको प्रस्तुतिमा बन्न लागेको फिल्ममा गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्निया र दिलासा क्रिएसनले सहकार्य गरेका छन् । फिल्मको वितरण श्रीराम बालाजी फिल्म्सले गर्नेछ । नेपाली र अंग्रेजी भाषामा निर्माण गरिने फिल्मका लागि कलाकार र प्राविधिक छनोटको काम भइरहेको निर्देशक सुवेदीले बताए । उनी निर्देशित 'सतीदेवी' भने प्रदर्शन हुन बाँकी नै छ ।

# नेताहरुलाई बेचैन बनाउने पूर्वराजाको अभिनन्दन सभा



काठमाडौं/गत साता वीरगञ्जमा आयोजित एक कार्यक्रममा पूर्वराजा ज्ञानेन्द्र शाहले दिएको अभिव्यक्तिप्रति राजनीतिक दलका शीर्ष नेताहरुले लगातार आपत्ति जनाइरहेका छन् ।

शनिबार ललितपुरमा आयोजित एक कार्यक्रममा सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले प्रणालीप्रति असन्तुष्टि भए प्रधानमन्त्री बनेर आउन पूर्वराजालाई चुनौती दिए ।

'यदि शासन प्रणाली ठीक ढंगले चलेको छैन भने मुलुक राम्री चलाउन सकेका छैनन् भने नेता भएर आए हुन्छ । जनताको बीचमा भिजे हुन्छ, चुनाव जितेर आए हुन्छ', अध्यक्ष नेपालले भने, 'राम्रो प्रधानमन्त्रीका रुपमा देशलाई विकल्प दिए हुन्छ ।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले त पूर्वराजाको अभिव्यक्तिलाई लिएर दरबार हत्याकाण्डकै छानबिन गर्ने चेतावनी दिएका छन् । सिमरा विमानस्थलमा पत्रकारहरुसँग गत १५ माघमा प्रधानमन्त्री प्रचण्डले दरबार हत्याकाण्डको छानबिन हुने बताएका थिए । 'पूर्वराजाले जे बोलेका छन्, बोल्नै नहुने कुरा बोलेका छन् । दरबार हत्यकाण्डबारे फेरि एकपटक छानबिनतिर सरकार अगाडि बढ्दैछ', प्रधानमन्त्रीले भनेका थिए ।

अध्यक्ष नेपाल र प्रधानमन्त्री प्रचण्ड भन्दा अघि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ज्ञानेन्द्र कुशका मात्र राजा हुन् भन्ने चर्को टिप्पणी गरेका थिए । ओलीले ज्ञानेन्द्र शाह राजा नै नभएको बताएका हुन् ।

'ज्ञानेन्द्र शाह राजा हेइन । बाहुनले बाहुन भनेर टपरीमा चामलमाथि कुशको बाहुन राख्छ, त्यस्तै कुशको राजा हुन्', अध्यक्ष ओलीले भनेका थिए ।

दरबार हत्याकाण्डकै बेला राजतन्त्र सकिएको उनको टिप्पणी थियो, 'त्यो षड्यन्त्रले तत्कालीन राजा, रानी, युवराज, राजकुमार, अधिराजकुमारी अन्त्य गर्यो । राजतन्त्र समाप्त भयो ।'

ज्ञानेन्द्र शाहले भने गत १३ माघमा वीरगञ्जको सभा सम्बोधन गर्दै दरबार हत्याकाण्डसँग जोडेर आफ्नो परिवारप्रति दलहरुले घातक प्रहार गरेको बताएका थिए ।

'२०५८ मा घटेको विनाशकारी घटनामा, हामी र हाम्रो परिवारलाई कहाली लाग्दो र सम्झन पनि मन नपराउने अवस्थालाई राजनीतिक जालझेल गरी धेरै नेपालीको मनमा भ्रमको बादल बनाई नकारात्मक भावना फैलाएको थियो', ज्ञानेन्द्रले भनेका थिए ।

सँगै, पूर्वराजा ज्ञानेन्द्रले मुलुकको अवस्था चिन्तायोग्य रहेको निष्कर्षसहित पुरानै प्रणाली पुनर्स्थापनाको आह्वान गरेका थिए । 'राष्ट्र प्रेम, राष्ट्रियता, प्रजातान्त्रिक प्रतिवद्धता तथा देश र जनताको उत्थानमा क्रियाशील हुने भावनालाई आज पनि मैले सान्दर्भिक रुपमा सम्झिरहेको छु । त्यसै आशय अन्तर्गत मैले चीरकाल पर्यान्त सुरक्षित र होस् भनेर आफ्नो श्रीपेच राष्ट्रलाई सुम्पिएको थिएँ', उनले भनेका थिए ।

पूर्वराजाको यस्तो अपिल आएको भोलिपल्टै एमाले अध्यक्ष ओलीले चर्को टिप्पणी गरेका हुन् । त्यसो त अध्यक्ष ओली र एमालेले पूर्वराजाविरुद्ध यसअघिबाटै गतिविधि, अभिव्यक्ति र निष्कर्ष प्रस्तुत गरिरहेको छ ।

एक महिना अगाडि (१६ पुसमा) नेपाली कांग्रेसले मेलमिलाप दिवसको अवसरमा गरेको कार्यक्रममै ओलीले पूर्वराजाप्रति चर्को टिप्पणी गरेका थिए ।

'राजतन्त्रको बहस नेपालमा आवश्यक नै छैन, सिद्धिसक्यो । हुन त यो दरबार हत्यकाण्डकै बेला सिध्या हो', ओलीले त्यो कार्यक्रममा भनेका थिए, 'हामीले अलिकति उपयुक्त कदम त्यतिबेला नचाल्ने कमजोरी गरेको हुनाले अलिक दिन एउटा डमी राजतन्त्र चल्यो । तमासा देखायो त्यसले अनि हटाउनुपर्‍यो ।'

पूर्वराजाको सक्रियताप्रति एमालेले संस्थागत रुपमै पनि दस्तावेजमार्फत् जनता अहिलेको व्यवस्थाको विकल्प खोज्ने पक्षमा नरहेको निष्कर्ष निकालेको छ ।

'संकल्प यात्रामा प्रकट भएको जनसमर्थन र सहभागितालाई लोकतान्त्रिक गणतन्त्र, संवैधानिक व्यवस्था र मुलुकको भविष्यप्रतिको जनताको भरोसाका रुपमा लिएको छ', गत ९ माघमा प्रधानमन्त्रीलाई एमालेले बुझाएको ज्ञापनपत्रमा उल्लेख छ ।

एमालेका अरु नेताले पनि सार्वजनिक अभिव्यक्ति मार्फत् नेपाली जनता गणतन्त्रको विकल्प खोज्ने पक्षमा नरहेको निष्कर्ष सुनाइ रहेका छन् । त्यसैलाई पुष्टि गर्ने गरी एमालेले गत १४ मंसिरदेखि २ पुससम्म मध्यपहाडी लोकमार्ग केन्द्रित संकल्प यात्रा गरेको थियो ।

### नरोकिएको सक्रियता

प्रधानमन्त्रीसहित शीर्ष नेताहरुको चेतावनी र चुनौतीबीच पूर्वराजाको देशदौडाहा भने रोकिएको छैन । सत्ता र प्रतिपक्षमा रहेका सबैजसो दलले जनताबीच जाने भनेर वर्ष दिनको कार्यक्रम घोषणा गरिरहँदा पूर्वराजा ज्ञानेन्द्रले पनि 'स्वागत अभिनन्दन कार्यक्रम मूल समारोह समिति' को नामबाट सार्वजनिक सभाहरु गरिरहेका छन् ।

गत १७ पुसमा मात्रै भैर हवामा पूर्वराजा ज्ञानेन्द्रले सार्वजनिक सभालाई सम्बोधन गरेका थिए । त्यसअघि १३ जेठमा सुर्खेत र ७ जेठमा कञ्चनपुरमा सभा गरे । परिवारसहित नागरिक सभामा सहभागी भइरहेका पूर्वराजा ज्ञानेन्द्रले गत २० वैशाखमा नेपालगञ्जबाट सार्वजनिक मन्तव्य दिन थालेका हुन् ।

यस्ता सभाहरुमा संक्षेपमा लिखित सम्बोधन गर्दै आएका ज्ञानेन्द्र शाहले देश बचाउन आफू बोल्न विवश भएको प्रष्टोक्ति दिइरहेका छन् । 'लामो समयको अन्तराल पछि फेरि पनि उभिएर देशको दशाका बारेमा त्यही र त्यस्तै कुरा बोल्न विवश छु' नेपालगञ्जको सभामा ज्ञानेन्द्र शाहले भनेका थिए ।

ज्ञानेन्द्रले आफ्नो सम्बोधन र वक्तव्यमार्फत् नागरिकको साथ खोजिरहेका छन् । 'अब म भन्छु- राष्ट्रको पुरानो गौरव फर्काउनका लागि उठौं । र हाम्रो आफ्नै पाखुराको बलमा लड्न कम्मर कसौं' वीरगञ्जको सभामा भनेका थिए ।

यसपटकको दशैं शुभकामनामा पनि ज्ञानेन्द्रले राजनीतिक भाषामा वक्तव्य निकालेका थिए । 'देशको तत्कालीन परिस्थितिले हामीलाई बेग्लै जिम्मेवारी ग्रहण गर्न बाध्य तुल्याए पनि प्रजातन्त्र बिनाको राजसंस्था र राजसंस्था बिनाको प्रजातन्त्र हाम्रो जस्तो मुलुकमा सान्दर्भिक हुन सक्दैन भन्ने आवोध हामीले गरेका छौं', वक्तव्यमा लेखेका थिए ।

२९ जेठ २०६५ पछि नागरिकको हैसियतमा रहेका पूर्वराजा ज्ञानेन्द्रको गतिविधि बाक्लिन थालेको भने २०७८ को पृथ्वी जयन्तीदेखि हो । २७ पुस २०७८ मा ज्ञानेन्द्र शाह आफ्ना समर्थकहरुबीच पृथ्वीनारायण शाहको शालिक माल्यार्पण गर्न सिंहदरबारको पश्चिम गेट पुगेका थिए ।

त्यसबेला तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी सँगसँगै जसो ज्ञानेन्द्र शाह पृथ्वीनारायण शाहको शालिक माल्यार्पण गर्न पुगेका थिए । कडा सुरक्षा घेराभित्र विद्या भण्डारीले शालिकमा माल्यार्पण गरेर फर्किएको एक घण्टाभित्रै धेरै समर्थकहरुबीच ज्ञानेन्द्र शाह त्यहाँ पुगेका थिए ।

त्यसबेला प्रमुख दलहरुबीच चर्को मतभेद थियो । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) फुटेर तीन पार्टी बनेको थियो- एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी । उनीहरुले एकअर्कालाई निषेध गरिरहेका थिए । नेपाली कांग्रेसको संसदीय र राजनीतिक हैसियत खुम्चिएको थियो ।

शक्तिशाली नेकपाको विभाजन, खुम्चिएको कांग्रेसको कमजोर भूमिका र कोरोना महामारीमा राज्यको कमजोर उपस्थितिले नागरिकमा देखिएको निराशाबीच त्यसबेला ज्ञानेन्द्र शाह सडकमा ओर्लिएका थिए । तर आपसी झगडामा रहेका दलहरुले त्यसलाई खासै वास्ता गरेका थिएनन् ।

पूर्वराजाले भने त्यसबेला थालेको गतिविधिलाई बाक्लो मात्रै बनाएका छैनन्, पुरानै व्यवस्थाका निम्ति नागरिक अपिल गरिरहेका छन् । विशेषगरी एक वर्षयता ज्ञानेन्द्र शाह खुलेर जनताबीच गइरहेका छन् । गत वर्ष १ फागुनमा पूर्वराजा ज्ञानेन्द्रले झापाको दमकमा आयोजित सभामा ज्ञानेन्द्र शाह, छोरा पारस र परिवारका अरु सदस्यसँगै मञ्चमा सहभागी भएका थिए । विवादित व्यवसायी दुर्गा प्रसाईंको आयोजना भएको त्यो सभामा सम्बोधन चाहिँ गरेका थिएनन् । तर अहिले ज्ञानेन्द्र शाह लगातार राजनीतिक भाषण गरिरहेका छन् ।

राजसंस्था पुनर्स्थापनाको राजनीतिक एजेण्डा बोकिरहेका राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन भने पूर्वराजाको सभा र सम्बोधनप्रति खुशी मान्नुपर्ने बताउँछन् । 'जनतालाई नजिकबाट सुनिरहनुभएको छ । आफ्नो राजालाई भेट्ने र देख्ने अवसर दिइरहनुभएको छ', लिङ्देन भन्छन् ।

तर पूर्वराजाको सक्रियता अनि राप्रपाको बढ्दो आकार तथा गतिविधिलई लिएर गणतन्त्र पक्षधर नेताहरु भने एउटै स्वरमा आपत्ति जनाइरहेका छन् । गत २२ कात्तिकमा प्रधानमन्त्री प्रचण्डले १२ बुँदे पक्षधर दलहरुको बैठक नै बोलाएका थिए ।

त्यसपछि संविधानको प्रतिबन्धात्मक व्यवस्था लागू गर्न सत्ता र प्रतिपक्ष एकै ठाउँ उभिदै आएका छन् । विशेषगरी राजधानी उपत्यकामा निषेधित क्षेत्रलाई विस्तार गर्दै बढाउँदै लैजाने, टिकटकमाथि प्रतिबन्ध र अरु सामाजिक सञ्जाललाई कस्ने जस्ता गतिविधिमा दलहरु एक ठाउँ छन् । कतिसम्म भने राष्ट्रियसभाको चुनावमा समेत सत्ता र प्रतिपक्षबीच भागबण्डाको गृहकार्य समेत चल्यो । यद्यपि सफल भने हुन सकेन । राप्रपाका अध्यक्ष लिङ्देन चाहिँ यो ध्रुवीकरण स्वभाविक रहेको बताउँछन् ।

(स्रोत: अनलाइनखबर)

# युवा राजनीतिको...

अबको युवा Skill hand and creative mind भएका युवा बनाउनु पर्छ । त्यसको लागि हरेक युवाले उपयुक्त शिक्षा पाउनु पर्छ । शिक्षा क्षेत्रमा हामी धेरै पछाडि छौं । हाम्रो समाजमा विद्यालयीय शिक्षा लिने परिवार भर्खर दोस्रो पुस्तामा छ । विद्यालयीय शिक्षाले सिप दिएको छैन । केवल पढ्न र लेख्न आउने मात्रै शिक्षालाई अब केही गर्न आउने शिक्षा बनाउनु पर्ने छ ।

हाम्रा शिक्षक केवल जागिरका लागि होइन उनीहरू त सीप दिने हुनुपर्‍यो । पावरको भरमा शिक्षक होइन योग्यता क्षमताको आधारमा हुनपर्‍यो । हाम्रो शिक्षाले सैद्धान्तिक पक्षलाई बढी जोड दियो । सैद्धान्तिक बढी भयो तर व्यवहारिक कम । पौडी खेल्ने तरिका पढाउने तर पोखरीमा पौडन नसिकाउने खालको भयो । त्यसैले हाम्रो शिक्षित समुदाय रोजगारी सिर्जना गर्ने खालको होइन रोजगारी खोज्ने खालको भयो । यसलाई बदल्नै पर्छ । डिग्री गरेको एक युवालाई सोध्ने हो भने ऊ बेरोजगार हुन्छ । तिमी के गर्न सक्छौ भन्यो भने जे पनि गर्छु भन्छ । डिग्री गरेको मान्छेले त यो-यो गर्छु भन्नु पर्ने होइन र ? रोजगारी खोज्ने होइन रोजगारी सिर्जना गर्ने विद्यार्थी बनाउनु पर्छ ।

ब्रह्माण्डको उत्पत्तिदेखि यसको विकास सबै श्रममा अडिएको छ । श्रमविना प्रकृति चल्ने सक्दैन । यो विश्व भगवान्ले बनाएको होइन बरु श्रमको परिणति हो । भवन, पुल, मेशिन, प्रविधि, कम्पनी, सहकारी यी सबै मानवका श्रमबाट भएका हुन् भन्ने कुरा हाम्रा विद्यार्थीलाई गहिरो गरी बुझाउनु पर्‍यो । यति बुझेपछि ऊ श्रममा लाग्छ । जाग्छ र श्रमको गोरेटो खोज्छ । अर्थात् उद्यमी युवा निर्माण गर्ने शिक्षा आजको आवश्यकता हो । व्यावसायिक योजना बनाउन सक्ने युवा चाहियो । हाम्रो शिक्षा केवल जीवन बिताउने खालको मात्रै होइन जीवनलाई श्रेष्ठ बनाउने खालको हुनुपर्छ ।

### स्वस्थ युवा स्वस्थ समाज

हरेक नागरिक स्वस्थ हुनुपर्छ, बिमार पर्दा उचित उपचार पाउनुपर्छ । धनी र गरिबले पाउने स्वास्थ्योपचारमा विभेद रहेको छ । स्वास्थ्य क्षेत्र रहेको दुरावस्था बदल्ने कुरा युवा राजनीतिको महत्वपूर्ण एजेन्डा हो । नेपालको संविधानमा उल्लेखित मौलिक हकलाई कार्यान्वयनका लागि दबाब सिर्जना गर्ने र आधार पैदा गरेर मात्रै श्रम गर्न सक्ने योग्य युवा निर्माण गर्न सकिन्छ ।

### सुशासनयुक्त समाज निर्माण

सुशासन समाजको विकास र समृद्धिको सूचक हो । भ्रष्टाचार सूचकाङ्कमा नेपाल लाजमर्दो स्थितिमा छ । हरेक क्षेत्रमा सुशासन कायमा गर्नका लागि विकास आयोजनाको कामको गुणस्तर कायम गर्ने र समयसीमा भित्र सम्पन्न गराउन दबाब सिर्जना गर्ने, हरेक सरकारी कार्यालयमा भएको ढिलासुस्तीलाई छिटो छरितो बनाउन दबाब सिर्जना गर्ने, हरेक कार्यालयलाई आधुनिक प्रविधि मैत्री बनाउन पहल गर्ने, दिनप्रतिदिन बढिरहेको भ्रष्टाचारलाई निर्मूलीकरण गर्न ठोस पहलकदमी गर्ने, न्यायपालिका, कार्यपालिका, अख्तियारमा समेत भइरहेको भ्रष्टाचार को पर्दाफास गर्ने र जनताको आँखाबाट देखिने गरी पहलकदमी गर्ने कार्य युवा राजनीतिको आजको मुख्य कार्यभार भएको छ ।

### युवा आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा र सार्थक कार्यान्वयनको सवाल

युवाहरूको बलिदानी संघर्षबाट संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । युवा आन्दोलनको उपलब्धिलाई रक्षा गर्ने र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पहलकदमी गर्ने अबको युवा राजनीतिको मुख्य बाटो भएको छ । युवा मन्त्रालयलाई नाम अनुरूपको काम केन्द्रित हुन दबाब दिने, राष्ट्रिय युवा परिषद्को प्रभावकारिता र औचित्य साबित गर्ने, सहुलियत ऋणका ९ वटा क्षेत्रमा देखिने बुझिने गरी ऋण कार्यान्वयनमा गर्ने, स्वरोजगार कोष, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाउने र बैंकहरुबाट प्रवाह भएका ऋणको निश्चित प्रतिशत युवा उद्यमशीलताको क्षेत्रमा अनिवार्य लगानी गर्न नीति निर्माण गर्ने कार्य गर्दा मात्रै युवा राजनीतिले ठिक दिशा पक्रन सक्नेछ ।

### राजनीतिक स्थिरता

राजनीतिक अस्थिरताका कारण देश अविकासतर्फ गयो । गरिब भयो । भन्ने सही निष्कर्ष हो । राजनीतिक स्थिरताको लागि बलियो राष्ट्रिय शक्ति निर्माण आजको आवश्यकता हो । त्यसको लागि निर्वाचन प्रणालीमा भएका कमजोरीलाई सुधार गर्नुपर्ने छ । समानुपातिक प्रणाली र थ्रेस होल्डको विषयमा आवश्यक सुधार गर्नै पर्ने देखिएको छ ।

### राजनीतिक कार्यदिशा

मूलभूत रूपमा जनवादी क्रान्तिको एक चरण पार गरिएकाले अब समाजवादी क्रान्तिको आधार तयार गर्न विकास र समृद्धिको एजेन्डा तयार पार्नुपर्ने छ । कसो गर्दा समाजवाद स्थापना हुन्छ ? नेपालको संविधानले परिकल्पना गरेको समाजवाद कस्तो खालको समाजवाद हो ? परिपूर्ण लोकतन्त्रको स्थापना कसरी गर्न सकिन्छ ? निर्वाचनलाई निष्पक्ष र पारदर्शी कसरी बनाउन सकिन्छ ? धन प्रभावी भइरहेको निर्वाचनलाई एजेन्डा प्रभावी कसरी बनाउन सकिन्छ ? यी र यस्तै प्रश्नको उत्तर खोज्ने राजनीतिक कार्यदिशा नै युवा राजनीतिको कार्यदिशा बन्नुपर्ने छ ।

### राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता

देश भूगोल, अर्थतन्त्र, जनसंख्या आदिका आधारमा ठूलो सानो होला तर स्वाभिमान बरावर हुन्छ भन्ने मान्यतामा अडिग रहनु पर्दछ । विदेश नीतिका सन्दर्भमा भूराजनीतिक अवस्थिति, पञ्चशीलको सिद्धान्त र संयुक्त राष्ट्रसंघको वडापत्रका आधारमा तय गर्ने कुरामा सदैव दृढ हुनुपर्छ । मित्रता बदल्न सकिएला तर छिमेक बदल्न सक्दिँन । चीन र भारत हाम्रा छिमेकी हुन् । छिमेकसँग कुरा गर्दा पारस्परिक हितका कुरा, स्वाभिमानका कुरा, आँखामा आँखा जुधाएर बराबरीमा कुरा गर्नुपर्छ भन्ने कुरामा हामी दृढ हुनै पर्दछ । तर वर्तमान सरकार भारतसँग प्रत्यक्ष रूपमा भेट्दा गिडगिडाउने र बाहिर पट्टी गएर ठूला ठूला कुरा गर्ने दोधारे चरित्र प्रकट गरिरहेको छ । नेपाल कहिल्यै कसैको गुलाम नभएको मुलुक हो । सार्वभौम सत्ता सम्पन्न देश हो भन्ने कुरालाई फदयङ्गम गर्नै पर्दछ । नेपाल भारत सिमानाका सवाल, चुच्चे नक्सा अनुसार जमिन फिर्ताको सवाल, नागरिकता विधेयकको सवालमा राष्ट्रहितमा पक्षमा युवा राजनीतिले विशेष ध्यान दिनु जरुरी छ ।

### सामाजिक सद्भाव

नेपाल अल्पसंख्यकहरु मिलेर बसेको देश हो । कुनै क्षेत्र त्यस्तो छैन जहाँ एकै जातिको मात्र बसोबास होस । सबै जाति, भाषा र संस्कृति मिलेर बनेको र बसेको सहिष्णु समाज भएको राष्ट्र हो नेपाल । भौगोलिक हिसाबले नेपाल विश्व मानचित्रमा सानो राष्ट्र देखिए तापनि बहुजाति बहुसाँस्कृतिक र बहुधार्मिक आस्था केन्द्रका रूपमा विशाल छवि भएको देश हो । अक्षांशको हिसाबले हेर्ने हो भने प्रत्येक किलोमिटरमा भौगोलिक बनावट, वातावरण र संस्कृतिमा विविधता देखिन्छ । यिनै विशेषताले गर्दा नेपाल विश्वमा पर्यटकीय हिसाबले महत्त्वपूर्ण क्षेत्रका रूपमा परिचित छ । नेपाली संस्कृति भन्ने बित्तिकै भेषभूषा, सामाजिक रीतिरिवाज, धार्मिक मेला, पर्व, खानपान, जीवनशैली आदि पर्छन् । यसमा अझ मौलिकपन आकर्षण बनेको छ । सामाजिक रीतिरिवाज र संस्कृति धर्मसँग जोडिएको हुन्छ । नेपालमा ८१ प्रतिशतभन्दा बढी हिन्दु धर्मावलम्बी छन् भने बाँकी अन्य धर्मावलम्बी रहेका छन् । धर्म, संस्कृतिका नाममा प्रचलित संस्कारहरू जातजाति, छुवाछुत, भेदभावपूर्ण व्यवहार, महिला तथा बालबालिका हिंसालगायत परम्परागत हानिकारक अभ्यास हुने गरेको छ । यसको विरुद्ध अभियान सञ्चलन गर्ने र सद्भाव फैलाउने काम युवा राजनीतिको हो ।

नेपालको मौलिक विशेषता भनेकै विविधतामा एकता हो । विश्वका प्रमुख धर्ममध्ये अधिकांश धर्म, सम्प्रदायका व्यक्तिहरू नेपालमा आपसमा मिलेर रहेको अवस्था छ । विश्वमै धार्मिक सहिष्णुता कायम भएको देश भन्ने बित्तिकै नेपालको नाम अग्रस्थानमा आउँछ । यसै गरी जातिगत बनोट पनि बहुत घुलमिलपूर्ण अवस्थामा रहेको छ । राज्यमा शान्ति, अमनचैन कायम गरी देश विकास र निर्माणको काममा नागरिकलाई अग्रसर बनाउनु हाम्रो मुख्य एजेन्डा हो । अत: युवा राजनीतिले समाजको वाहकका रूपमा समाजलाई एकजुट गराउन आफ्नो जिम्मेवारी वहन गर्न सक्नु पर्छ । प्रत्येक नागरिकको शान्तिपूर्वक जीवनयापन गर्ने चाहना हुन्छ । देशमा शान्ति, सुव्यवस्था कायम गरी राष्ट्र विकासको काममा सफलता हासिल गर्न सामाजिक सद्भाव जरुरी छ ।

हामीले राज्यको पुन: संरचनाको कुरा गर्दा "फुटे आफ्नो टाउको फुटोस् तर राष्ट्रियता नटुटोस्" भन्ने नारा तय गरी अभियान चलाएका थियौं । राष्ट्र राज्य होइन, राज्य राष्ट्र हो भन्ने दृढ मान्यतामा अडिग रहेर लसुनको जस्तो सजिलै चोइटिन सक्ने संघीयता होइन भित्र केस्रा केस्रा भएको बाहिरी दरिलो बोक्राले घेरिएको सुन्तला जस्तो संघीयता देशको आवश्यकता हो भन्ने मान्यतालाई हामीले अघि सारेका हौं । तर यो वर्तमान गठबन्धन सरकार यस मामला चुकी रहेको छ । सरकारमा बसेर सामाजिक सद्भाव र सहिष्णु समाजलाई भड्काउन उद्धत देखिएको छ । यसलाई करेक्सन गर्नु युवा राजनीतिको अर्को कार्यभार थपिएको छ ।

### सामाजिक न्याय

विधि र कानुनको शासन भन्दा पनि जनतालाई सबै प्रकारका न्याय प्रवाह गर्नु चाहिँ महत्त्वपूर्ण मानिन्छ । सामाजिक न्याय भनेको त्यो आधारभूत संरचना हो, जहाँ सबै किसिमका असमानताको अन्त्यका लागि आधिकार, शक्ति, अवसर, आय र सम्पत्तिको वितरण समान, सन्तुलित र न्यायपूर्ण किसिमले गरिन्छ । शक्ति सम्पन्न र शक्तिविहीन, ठूलो र सानो, धनी र गरिब, उँच र नीचको विभेदको अन्त सामाजिक न्यायको मूल मर्म हो ।

विकासको क्रमका समाज स्रोत साधन, सम्पत्ति तथा ज्ञान हुने र नहुने वर्गका विभाजित भयो । विभिन्न जातजातिको समान रूपमा विकास हुन सकेन । पिछडिएको जातजाति र विकसित जातजातिका रूपमा समाज विभक्त हुन पुग्यो । समाज लैङ्गिक आधारमा समेत असमान रहयो र पुरुष महिलाको दाँजोमा धेरै सुविधा भोगी भए । असमान समाजको विकासले सक्नेहरूले राज्य सञ्चालनको, अवसरको र सुविधाको राइँदाइँ गर्ने र नसक्नेहरू असमानता, अभाव, अशिक्षा र अन्धकारमा जीवनयापन गर्न बाध्य भए । नागरिकले राजनीतिक अधिकार उपयोग निर्भयता पूर्वक गर्न सकिरहेको अवस्था छैन । गरिबी निवारण र रोजगारी सिर्जना गर्ने कार्यक्रम सफल हुन सकेका छैनन् । सामाजिक सुरक्षाका कार्यक्रम अपर्याप्त छन् । यस्तो अवस्थामा राजनीतिक एवं नागरिक अधिकार प्राप्त गर्दैमा र समृद्धि लक्षित आर्थिक विकासका नीति तर्जुमा हुँदैमा सामाजिक न्याय प्राप्त हुँदैन ।

राजनीतिक एवं नागरिक अधिकारको स्वतन्त्र उपयोग, आर्थिक विकास र रोजगारीका अवसरको विस्तार र समान वितरण सँगसँगै समान रूपमा सामाजिक सांस्कृतिक विकास भएन भने सामाजिक न्याय प्राप्त हुन सक्दैन । सामाजिक न्याय : राजनीतिक स्वतन्त्रता र आर्थिक उपलब्धिको समान वितरण हो । सामाजिक न्याय समाजमा रहेका सबै वर्ग, लिङ्ग र जातिको समान सुरक्षा र सम्मानको सुनिश्चितता हो ।

सामाजिक अन्तरनिर्भरता र नागरिकको स्वनिर्णयको सुरक्षाको सुनिश्चितता सामाजिक न्यायको महत्त्वपूर्ण पक्ष मानिन्छ । समाजमा शक्ति र स्रोत साधनबाट सम्पन्न र सम्भ्रान्त वर्गले मात्र राज्य लाभ असीमित रूपमा उठाइरहेको पाइन्छ । एउटा वर्ग र सम्प्रदायको मात्र समाजमा उपलब्ध संरचना र स्रोत साधनमाथि नियन्त्रण रहने तर अर्को वर्ग र सम्प्रदायको पहुँच सर्वथा न्यून रहने विषमतापूर्ण अवस्थालाई अन्यायपूर्ण मानिन्छ । आर्थिक समानता सामाजिक न्यायको मेरुदण्ड हो । समाजमा रहेको एउटा वर्गको हातमा अथाह सम्पत्ति, असंख्य अवसर, स्रोतसाधन केन्द्रित रहने र अर्को वर्ग ती अवसर, स्रोतसाधनको उपभोगबाट वञ्चित रहने अवस्था सामाजिक न्यायको गम्भीर चुनौती हो । सामाजिक न्यायले आयको स्तर र उपभोगमा सन्तुलन र समानताको अपेक्षा राखेको हुन्छ । सामाजिक न्यायका लागि सम्पत्ति, अवसर र आयको वितरणमा समानता आवश्यक हुन्छ । यसकारण आय, सम्पत्ति र अवसर वितरणका लागि उत्पादन रोजगारी बढाउने र समान तथा सन्तुलित वितरणको व्यवस्था गर्नुपर्छ । यस विषयमा अबको युवा राजनीति केन्द्रित हुनुपर्दछ ।

### देश बनाउने सपनाहरूको जागरण

देश मागेर बन्दैन । देशबाट भागेर पनि देश बन्दैन । रेमिटेन्समा आधारित अर्थतन्त्र देश विकासको मूल आधार बन्न सक्दैन । देश बनाउन उत्पादनमा आधारित अर्थतन्त्र आवश्यक पर्दछ । देशको लागि अब केही त गरौं भन्ने हरेक युवामा सोच र इच्छाशक्ति जरुरी छ । इपीएस पास गरेर कोरियातिर होइन नेपालकै खोरियामा लाग्छु भन्ने सङ्कल्प आवश्यक छ । विदेशमा श्रम हैन उत्पादन बेच्ने सङ्कल्प चाहिएको छ । त्यसको लागि राज्यले आशा जगाउनै पर्छ । युवा राजनीतिको खास विषयमा यही हो । निराशालाई आशामा, आक्रोशलाई जोसमा, कुण्ठालाई ऊर्जामा, कुशासनलाई सुशासनमा र अधैर्यतालाई धैर्यतामा बदल्नै खालको राजनीति नै युवा राजनीतिकाको मूल मर्म बन्नुपर्छ । मुर्छित भएको सपनालाई जागृत गर्नै पर्ने छ । नेपालमा सम्भव छ र गर्न सकिन्छ भन्ने आधार तयार गर्ने काम हाम्रो हो । देशमा गरि खाने युवा तयार गरेर नै समृद्ध नेपाल सुखी नेपाली निर्माणको आधारशिला तयार गर्न सकिन्छ ।

(साभार: रातोपाटी)

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राजनीतिक सोचसहितको पुस्तान्तरण आवश्यक: झाँक्री

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की केन्द्रीय सचिव एवम् पूर्वसहरी विकासमन्त्री रामकुमारी झाँक्रीले पार्टीमा अब पुस्तान्तरणको बहस चलाइँदा विचार, सिद्धान्त एवम् राजनीतिक सोचसहितको पुस्तान्तरण हुनुपर्ने बताएकी छिन् । पार्टीका नेताहरुको उमेर पाको हुँदैमा पुस्तान्तरण गर्ने कुराको चर्चा गर्नुभन्दा विचार, राजनीति तथा सोचसहित पुस्तान्तरण ठीक हुने नेतृ झाँक्रीले तर्क पेश गरिन् ।



शनिबार एकीकृत समाजवादी, हेटौंडा उपमहानगर पालिका कमिटीको आयोजनामा हेटौंडा-१६ मा भएको बृहत वनभोज तथा प्रशिक्षण कार्यक्रममा बोल्दै नेतृ झाँक्रीले पार्टीभित्र पुस्तान्तरणको चर्चा गरिँदा विचारविहीन, सिद्धान्तहीन पुस्तान्तरणको कुरा हुने गरेकोमा अबदेखि यसलाई सच्याइनुपर्ने बताइन् । 'पार्टीमा एउटा मान्छेले परिवर्तनका लागि के योगदान गऱ्यो भन्ने कुरा हामी हेर्दैनौं । पाको उमेर भएकोको अनुभव हामीले हेर्नुपर्छ ।' झाँक्रीले भनिन् । 'हामीले आज बाँचेको तथा भोगेको समस्याको समाधान गर्नतिर लाग्नुपर्छ ।'

प्रत्येक कार्यकर्ता उद्यमी बन्दै राजनीतिमा लागे सफलता मिल्ने बताउँदै झाँक्रीले राजनीति भनेको उद्यमीहरुको समूह हो भन्ने बनाउँनुपर्ने आवश्यकता औंल्याइँन् । 'बेरोजगारलाई राजनीतिमा ल्याएकै कारण पनि राजनीति बेरोजगारहरुको जमघटको थलो जस्तो भयो ।' उनले भनिन्, 'बेरोजगारको पल्टनका पल्टन मान्छे राखेर समाजवाद हुँदैन । सकिन्छ स्वरोजगार बन्ने नभए रोजगार त हुनैपर्छ ।'

नेतृ झाँक्रीले विगतमा अवसर नहुँदा असजिला बाटाहरु पार गर्दै राजनीतिमा लागेको बताउँदै अहिले अवसर भएकाले आफ्नो कर्तव्य सम्झँदै नागरिकलाई सुसूचित गराउँन लाग्नुपर्ने बताइन् । यसो गरेमा पार्टी निर्माण हुनसक्ने झाँक्रीको दाबी छ । सात दशकमा ल्याइएका सात वटा संविधानमा अधिकारका कुरा गरिएको तर, अर्थतन्त्रलाई बलियो बनाउने र नागरिकलाई काम गर्न योग्य वातावरण बनाउने विषयमा ध्यान नदिइएको उनले बताइन् । 'त्यस्ता पाटोमा ध्यान नदिँदा अहिले हरेक पेशाबाट राजनीतिमा आएर चुनाव लड्ने चुनावी मौसमको राजनीति हामीकहाँ बनिरहेको छ ।' उनले भनिन् ।

अहिलेको व्यवस्था ठीक भएपनि केहीले आफ्नो राजनीतिका लागि लोकरिझ्याँईको भाष्य खडा गरेको झाँक्रीले टिप्पणी गरिन् । कार्यक्रममा पार्टीका स्थायी कमिटी सदस्य डा.वंशीधर मिश्र, मुनु सिग्देल, पोलिटब्युरो सदस्य घनप्रसाद गौतम, केन्द्रीय सदस्य राजाराम स्याङ्तान, गोमा तिमल्सिना, हेटौंडा नगरप्रमुख मीनाकुमारी लामा, केन्द्रीय परिषद् सदस्य सीता श्रेष्ठलगायतले अबका दिनमा कम्युनिष्ट पार्टीको निर्माण एकीकृत समाजवादीकै नेतृत्वमा हुने बताए । कार्यक्रममा पार्टीका स्थायी कमिटी सदस्य ललित बस्नेतलगायत नेता कार्यकर्ता उपस्थित थिए ।

# मनहरी महोत्सवमा दर्शक बढ्दै

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ पाँचौ मनहरी महोत्सव सुरु भएको पाँचौ दिन महोत्सवस्थल दर्शकले भरिएको छ । १० हजार मानिसले महोत्सवको अवलोकन गरेको पाँचौ मनहरी महोत्सव प्रचारप्रसार उपसमितिका संयोजक राजु राउतले बताए । पश्चिम मकवानपुरको ब्यावसायिक केन्द्रको रुपमा मनहरी परिचित छ ।

शनिबार बिदाको दिन परेकाले विद्यार्थी, कर्मचारी तथा व्यवसायीले फुर्सद निकालेर महोत्सव अवलोकन गर्न आएका कारण एकैदिन दर्शकको चाप बढेको आयोजकले जनाएको छ । त्यससँगै चर्चित कलाकारको उपस्थितिले पनि दर्शक तानेको हो । शनिबार चर्चित लोकदोहोरी गायक पशुपति शर्मा र सम्झना लामिछाने मगरले दमदार प्रस्तुति दिएका थिए ।

शर्माले 'मलाई अमेरिका यही, मलाई जापान पनि यही', 'सारङ्गी ऱ्याइँऱ्याइँ भयो जीवन तिरीमिरी झ्याइँ' लगायतका गीतहरु प्रस्तुत गरेका थिए । शर्माले गीत प्रस्तुत गरिरहँदा दर्शकदीर्घामा उत्तेजित माहोल बनेको थियो । दर्शक दीर्घाबाट हुटिङ पनि चर्को थियो । त्यसैगरी अर्की चर्चित गायिका सम्झना लामिछाने मगरले पनि गीत प्रस्तुत गरिन् । लामिछानेले 'फूल फूलेर पहेलै भयो' बोलको गीत दर्शकदीर्घामै गएर गाइन् । त्यसक्रममा दर्शकले लामिछानेको हात समातेर नाचेका थिए ।

कार्यक्रममा रियो छमछमीका बिजेता एबम् मनहरी गाउँपालिका-७ घर भएका सरोज प्रजा र उनको जोडी बिना राउतको नृत्यमा पनि दर्शक तानिएका थिए । खासगरी युवा पुस्तामा टिकटक र रिलमा दुबैजना लोकप्रिय छन् । कार्यक्रममा रेश्मा भोम्जन, दीपेन्द्र पुन, अनुसा चेपाङलगायतले प्रस्तुति दिएका थिए । आस्था कलाकेन्द्र मनहरीको तर्फबाट कोरियोग्राफर मनिष लामाको टिमले पनि निरन्तर नृत्यु प्रस्तुत गरिरहेको छ ।

माघ २१ गतेका लागि चर्चित कलाकार धुर्मुश (सीताराम कट्टेल) र सुन्तली (कुन्जना घिमिरे) सहित चर्चित गायिका अस्मिता अधिकारी, स्थानीय कलाकार दीपक मुक्तान, उर्मिला चेपाङ र बिक्रम खाती, पवनकुमार चेपाङ र प्रेमकिशोरको समेत प्रस्तुति रहने आयोजकले जनाएको छ । मकवानपुर उद्योग वाणिज्य संघ पश्चिमक्षेत्र समितिको आयोजनामा माघ १६ गते सुरु भएको महोत्सव माघ २८ गतेसम्म चल्नेछ । महोत्सवमा स्थानीय परिकार र उत्पादनसहित १५० स्टल छन् ।

स्थानीय माछा, तामा, मास, गहत, दलहन, चेपाङ जातिले जीवनयापनका लागि उपभोग गर्ने गिठ्ठाभ्याकुर, बनकरिया समुदायद्वारा उत्पादित साबुन, कैलाश गाउँपालिकाको तर्फबाट कुरिलोसहितका कृषिउत्पादन, राक्सिराङ गाउँपालिकामा उत्पादित कृषिजन्य बस्तु तथा फापरको सेलरोटी लगायत स्थानीय बस्तुलाई महोत्सवमा प्रबर्द्धन गरिएको छ । साथै दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति, विभिन खेलसहितको बालउद्यान, होटल, कपडा, फलामे उत्पादन, इलेक्ट्रोनिक्स सामानसहितका स्टल व्यवस्थापन गरिएको छ ।

# मनकामनाको ३६ औं वार्षिकोत्सव

साझाकुरा संवाददाता



हेटौंडा, २० माघ/ मकवानपुरगढी-३, मक्रान्चुलीमा रहेको मनकामना दुग्ध उत्पादक सहकारी संस्थाको ३६ औं वार्षिकोत्सव शनिवार भएको छ । मकवानपर गढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतानको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष अर्जुनप्रसाद दाहालको सभाध्यक्षतामा वार्षिकोत्सव भएको हो ।

अध्यक्ष लामाले दूध अनुदान कार्यमा प्रदेश सरकारले किसानको मर्म नबुझेको बताएका छन् । किसानले प्राप्त गर्ने दूधमा आधारीत अनुदानमा सबै किसानलाई समेट्न नसक्नु र सोही अनुरुप बजेट विनियोजन गर्न नसक्नुले किसानको मर्म नबुझेको अध्यक्ष लामाले बताए । एक शीर्षकमा अनुदान रकम नमिल्ने हुँदा रोकेको अनुदान गाउँपालिकाले सम्बोधन गरी हिउँदे अधिवेसनबाट बजेट संशोधन गरी ल्याएको अध्यक्ष लामाले बताए ।

किसानले ६/७ महिनासम्म दूधको भुक्तानी नपाएकोमा दुख व्यक्त गर्दै सहजीकरण गर्ने दुग्ध संघ र संकलन गर्ने सहकारी संस्था कहाँ र कसरी चुक्यो ? भन्ने प्रश्न गर्दै छिटोभन्दा छिटो किसानले दुधको भुक्तानी पाउन पहल गर्न अध्यक्ष लामाले आग्रह गरे । गाउँपालिकामा नवप्रर्वतन कार्यक्रम लागू गर्ने तयारीमा पालिमा रहेको भन्दै सहकारी संस्थासँगको सहकार्यमा यस्ताखाले कार्यक्रम गरिने उनले बताए । गाउँपालिकाले सहकारीमा उत्पादन गरिएको दही र मोहीलाई प्रत्येक विद्यालयमा हरेक शुक्रबार विद्यार्थीलाई मोही खुवाउने कार्यक्रमको तयार गरेको बताए । विद्यालयले ठेकी खरिद गर्ने र ठेकीको पहिचान र मोही कार्यक्रम ल्याए पालिकाभित्रमा चिसोजन्यपदार्थ बिक्री बन्द गर्नतर्फ आवश्यक तयारी गरेको अध्यक्ष लामाले बताए ।

वार्षिकोत्सवको अवसरमा संस्थाले गरेका विभिन्न गतिविधिको प्रचारप्रसार गराई संस्थाको लोकप्रियता बढाउन योगदान गरेकाले सिधाखबर डटकममा सम्पादक श्रीराम अर्जुन, रेडियो मकवानपुरगढीका प्रवन्धक एमपी शर्मा र रेडियो थाहा सञ्चारका भीमसेन पौडेललाई सम्मानित गरिएको थियो ।

यसैगरी आ.व ०७९/८० मा सबै भन्दा बढी दूध विक्री गर्ने मुकुन्दप्रसाद दाहाल (३५२३७ लिटर), नरेन्द्र लम्साल (३१९६८ लिटर), अर्जुनप्रसाद दाहाल (२७४६४ लिटर), असली ऋणीतर्फ सुनिता अधिकारी र डेरीबाट स्थानीय दुध खरिदगर्ने रामप्रसाद घिमिरेलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा मकवानपुर गढी-३ का वडासदस्य विदुर हुमागाई, जिल्ला दुग्ध उत्पादक सहकारी संघ, मकवानपुरका अध्यक्ष हरि कंडेल, संस्थाका संस्थापक अध्यक्ष हरिप्रसाद अधिकारी, पूर्वअध्यक्ष कृष्णप्रसाद पोखरेल, श्रमिक साना किसान कृषि सहकारीकी अध्यक्ष निर्मलाकुमारी लम्साल, कालीदेवी दुग्ध सहकारीका अध्यक्ष विक्रम योन्जन, टावरडाडाँ खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष शत्रुघन दुलाल, सिर्जनशील समाज सहकारीकी व्यवस्थापक विमला न्यौपाने संस्थाका लेखासमिति संयोजक होमनाथ फुँयाल, रानी सामूदायिक वन उपभोक्ता समूहका कार्यालय सचिव भीमसेन पौडेल लगायतको आतिथ्यता थियो ।

संस्थाले दुग्धजन्य पदार्थलाई विविधिकरण गरी बिक्री गर्दै आएको छ । संस्थाले आफ्नै कार्यालयबाट र हेटौंडा-२ संगमचोकमा विक्रीकेन्द्र स्थापना गरी दूध, दहि, पनिर, घ्यु, मोही र बटर सरल मूल्यमा बिक्री गर्ने गरेको छ । ३ सय ४८ जना शेयर सदस्य ११ जना कर्मचारी रहेको संस्थाले दैनिक ५ हजार लिटर दूध संकलन गर्दै आएको व्यवस्थापक शशी लम्सालले बताइन् ।

# निर्माण सामग्रीमा पुन: बजगाई

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/निर्माण सामग्री व्यवसायी संघ मकवानपुरको अध्यक्षमा पुन: बालकृष्ण बजगाईं सर्वसम्मत निर्वाचित भएका छन् ।

शनिबार हेटौंडामा सम्पन्न संघको १३ औं वार्षिक साधारणसभा तथा सातौं जिल्ला अधिवेशनले बजगाईंलाई अध्यक्षमा पुन: दोहोराइएको हो । संघको उपाध्यक्षमा सुदीप तिमल्सिना 'सन्जीव', महासचिवमा रोशन सापकोटा, सचिवमा सुबास दाहाल, कोषाध्यक्षमा उद्धव देवकोटा र सहकोषाध्यक्षमा राहुल जालान चयन भएका छन् । त्यसैगरी कार्यसमिति सदस्यहरु प्रदीप तिवारी, जीवन ढकाल, सुरेश अर्याल र अमित श्रेष्ठ रहेका छन् ।

कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताअग्रवालको प्रमुख आतिथ्यता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, एसोसिएट तर्फको उपाध्यक्ष उज्ज्वल चौलागाईं, बस्तुगत तर्फको उपाध्यक्ष राजु अधिकारी, निर्माण सामग्री व्यवसायी संघ मकवानपुरका पूर्वअध्यक्षद्वय मनोज जालान र रवि नेपाललगायत विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको आतिथ्यता रहेको थियो ।

# चौघडामा ट्राफिक सचेतना कार्यक्रमको आयोजना

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुरको हेटौंडा-६ चौघडामा शनिबार ट्राफिक सचेतना कार्यक्रमको आयोजना गरिएको छ । नेपाली कांग्रेसको 'समुदायमा कांग्रेस अभियान' अन्तर्गत तरुण दल हेटौंडा-६ वडा इकाईले 'सवारी दुर्घटना न्यूनीकरणका निम्ति सचेतना कार्यक्रम' को आयोजना गरेको हो ।

प्रहरीचौकी चौघडासँगको सहकार्यमा आयोजित कार्यक्रममा नेपाली कांग्रेस र तरुण दलसम्बद्ध नेता कार्यकर्ताहरु र चौघडा प्रहरीचौकीका सुरक्षाकर्मीले कान्तिलोकपथमा संचालन हुने सवारीका चालक र पैदलयात्रीलाई सवारी चलाउँदा मोबाइल फोन प्रयोग नगर्न, मादकपदार्थ र लागूऔषध सेवन गरी सवारी नचलाउन, बजार क्षेत्रमा तीब्र गतिमा सवारी नचलाउन सुझाव दिएका थिए ।

उनीहरुले जथाभावि पार्किङ नगर्न, सडक पार गर्न जेब्राक्रसको प्रयोग गर्न, पैदलयात्रीलाई सडक पेटीबाट मात्रै हिड्न, सधैं ट्राफिक नियमको पालना गर्न आग्रह गरेका थिए । कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, नेपाली कांग्रेस जिल्ला सदस्य एवम् पूर्ववडाध्यक्ष अर्जुनप्रसाद चौलागाईं, पार्टी वडा सभापति रामहरि तिमल्सिना, उपसभापति केशव धिताल, सचिव राजकुमार फुँयाल र कृष्णप्रसाद दुलाल, हेटौंडा-६ का वडासदस्य विजय पौडेल, पूर्ववडासदस्य एवम् तरुण दल जिल्ला सदस्य राजकुमार बास्तोला, तरुण दल ६ नम्बर वडाअध्यक्ष कमल कोइराला, उपाध्यक्ष ईश्वर रानालगायत पार्टी र तरुण दलका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# कर्मचारी संगठनको स्थापना दिवसमा ओम बृद्धाश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतिको १६ औं स्थापना दिवसको अवसरमा हेटौंडा-२ मा रहेको ओम बृद्धाश्रमलाई सहयोग गरिएको छ ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामति मकवानपुरले ओम बृद्धाश्रमलाई नगद १० हजार ५ रुपैयाँ सहयोग गरेको हो । नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामति केन्द्रीय सदस्य बसन्तराज गौतम, जिल्ला अध्यक्ष बसन्तकुमार सिटौलाले एक कार्यक्रमबीच ओम बृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई नगद रकम हस्तारन्तण गरेका हुन् ।

सहयोग हस्तान्तरणका क्रममा केन्द्रीय सदस्य गौतमले स्थापना दिवसमा सहयोग गर्न पाउँदा खुशी व्यक्त गर्दै आगामी दिनमा पनि आश्रमलाई सहयोग गर्ने प्रतिवद्धता जनाए । सहयोग हस्तान्तरण कार्यक्रममा बागमती प्रदेश उपाध्यक्ष राजु अर्याल, प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघ जिल्ला अध्यक्ष जयराम रायमाझी लगायतको सहभागिता रहेको थियो ।


## मकवानपुर बहुमुखी क्याम्पसको
## कोर्ष करारमा शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना !

*(दोश्रो पटक प्रकाशित मितिः २०८०/१०/२१)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाको लागि निम्न पदहरु कोर्ष करारमा पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको निर्णयानुसार २०८०/०९/२४ गते प्रथम पटक विज्ञापन प्रकाशित गरेकोमा तोकिएको न्युनतम योग्यता पुगेका उम्मेदवारहरुको आवेदन नपरेकोले देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट २०८० माघ २९ गतेसम्म वैयक्तिक विवरण, आवश्यक प्रमाण पत्रका प्रतिलिपि र एक प्रति फोटो सहित स्वहस्तलिखित दरखास्त (कार्यालय समयभित्र) पेश गर्न पुन: दोश्रो पटक सूचना आव्हान गरिएको छ ।

विज्ञापन नं. : ११/२०८०/२०८१
विषय : व्यावसायिक कानुन (Business Law)
पद : कोर्ष करार शिक्षक
संख्या : १ (एक)
न्यूनतम योग्यता : कानुन विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण भएको वा सो सरह वा कुनै एक बिषयमा स्नातकोत्तर तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण भई कानुन विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातक तह उत्तीर्ण भएको
छनौट विधि : कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
पारिश्रमिक : क्याम्पसको नियमानुसार ।
दरखास्त दस्तुर : रु. ५००। (पाँच सय) मात्र ।

**मकवानपुर बहुमुखी क्याम्पस, हेटौडा**
सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२



## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

**क्यान्सर रोगका कारण:**

- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, भ्फानेको तथा फाष्ट फूड एवं जंकफूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ ।

**यसबाट बच्न,**

- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारिरीक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं ।

*स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३